महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## माधव नारायण नगरपालिका, रौतहट

## ८०२२०४१३३००

## रौतहट

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८२/८३ मिति : २०८२-७-१५

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,

माधव नारायण नगरपालिका, रौतहट ,

रौतहट

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी लेखापरीक्षण बहिर्गमन बैठकमा २०८२।५।२६ मा छलफल पश्चात् तयार गरिएको ५५ पानाको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेश भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी ऐनको दफा ३७(४) बमोजिम कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

हिरामणि निरौला
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालय, सिंहदरबार, काठमाडौं,

info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,

रौतहट, rautahat.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ४८.५३ वर्ग किलोमिटर तथा ३५६९४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२७ देखि २०८२ ।५।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ७०८७४६७२३.२७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **एकीकृत वार्षिक आर्थिक विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा

राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फारम नं. २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ५३१४६६२६.८९ | चालु खर्च | | 300749809.3 |
| १.संचित कोष | ४४८२९०९८.८९ | ० | १.पालिका तर्फ | ११७८४५१३५.७२ | ० |
| २.धरौटी | ६८१७५२८ | ० | २. संघीय सशर्त | १८२९०४६७३.५८ | ० |
| ३.कार्यसञ्चालन कोष (कर्मचारी कल्याण कोष) | १५००००० | ० | ३. संघीय विशेष | | ० |
| ४. अन्य कोष | | ० | ४. प्रदेश सशर्त | | ० |
| यस वर्षको आय | | ० | ५. प्रदेश विशेष | | ० |
| १.आन्तरिक आय | | ११६५७५४६.३३ | पुँजीगत खर्च | | 220758703.13 |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ४५६५४१९७६ | १.पालिका तर्फ | १३९९१०५३४.३२ | ० |
| क) समानीकरण अनुदान | १०१८५३६०० | ० | २. संघीय सशर्त | ३५७५७३०२.३ | ० |
| ख) राजस्व बाँडफाँट | ८९०४५१९९.५ | ० | ३. संघीय विशेष | १६८७५१२४ | ० |
| ग) सशर्त अनुदान | २३०२६७५०० | ० | ४. संघीय समपुरक | १८४८२८०९ | ० |
| घ) समपुरक अनुदान | १८५००००० | ० | ५. प्रदेश सशर्त | ६७३२९३४ | ० |
| ङ) विशेष अनुदान | १६८७५६७६.५८ | ० | ६. प्रदेश विशेष | ३०००००० | ० |
| च) रोयल्टी | | ० | ७. प्रदेश समपुरक | | ० |
| छ) अन्य | | ० | अन्तर सरकारी अख्तियारी (संघ) | | ० |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | २४६०१०४५ | क) सामाजिक सुरक्षा तथा संरक्षण | | १५८८७५१७६ |
| क) समानीकरण अनुदान | ७९७६००० | ० | ख) स्थनीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | | १९५००००० |
| ख) राजस्व बाँडफाँट | ४१२५०४५ | ० | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (दिर्घ रोगि जस्तै कैन्सर मिर्गौला पक्षघात आदि) | | ४५०००० |
| ग) सशर्त अनुदान | ९५००००० | ० | घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | १७७१२६७४ |
| घ) समपुरक अनुदान | ० | ० | ङ) बाल श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय (बाल श्रम) | | ३००००० |
| ङ) विशेष अनुदान | ३०००००० | ० | च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | ३८८६००० |
| च) रोयल्टी | | ० | छ) रास्ट्रपति शैक्षिक सुधार कार्यक्रम | | ६००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (Wash सहितको सौचालय) | | |
| | | ० | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ० |
| छ) अन्य | | ० | ऋण फिर्ता(साँवा) | | ० |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | ० | ऋणको ब्याज भुक्तानी | | ० |
| क) सामाजिक सुरक्षा तथा संरक्षण | | १५८८७५१७६ | धरौटी फिर्ता तथा सदर स्याहा | | ३६२६७०९.५९ |
| ख) स्थनीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | | १९५००००० | कार्यसञ्चालन कोषबाट भएको खर्च क. सडक बोर्ड | | ३२७८००० |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (दिर्घ रोगि जस्तै कैन्सर मिर्गौला पक्षघात आदि) | | ४५०००० | कार्यसञ्चालन कोषबाट भएको खर्च ख. कर्मचारी कल्याण कोष | | १६८८६७० |
| घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | १७७१२६७४ | अन्य कोषबाट भएको खर्च | | ० |
| ङ) बाल श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय (बाल श्रम) | | ३००००० | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | ० |
| च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | ३८८६००० | अन्य सहयोगमा सञ्चालित योजना | | ० |
| छ) रास्ट्रपति शैक्षिक सुधार कार्यक्रम (Wash सहितको सौचालय) | | ६००००० | | | ० |
| ………….. | | ० | अन्यखर्च भएमा | | ० |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ० | अनुदान फिर्ता | | ० |
| ६. ऋण/ वित्तीय व्यवस्था | | ० | १. संघ तर्फ | | 11623520.19 |
| ७. धरौटी आय | | १०८४४३०५.८६ | क) सशर्त अनुदान | ११६०५७७६.१२ | ० |
| ८. कार्यसञ्चालन कोष आय | | ० | ख) विशेष अनुदान | ५५२.५८ | ० |
| ९. अन्य कोषको आय | | ३७७८००० | ग) समपुरक अनुदान | १७१९१.४९ | ० |
| क. (सडक बोर्ड) | ३२७८००० | ० | | | ० |
| ख. कर्मचारी कल्याण कोष | ५००००० | ० | | | ० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | ० | २. प्रदेश तर्फ | | २७६७०६६ |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | ० | क) सशर्त अनुदान | २७६७०६६ | ० |
| १२. अन्यआय भएमा | | ० | ख) विशेष अनुदान | | ० |
| | | ० | ग) समपुरक अनुदान | | ० |
| | | ० | अन्तिम मौज्दात | | 16077021.94 |
| | | ० | १. संचित कोषको मौज्दात | १८३०५६७.६७ | ० |
| | | ० | २. धरौटी | १३९३५१२४.२७ | ० |
| | | ० | ३. कार्यसञ्चालनकोष (कर्मचारी कल्याण कोष ) | ३११३३० | ० |
| | | ० | ४. अन्यकोष | | ० |
| जम्मा | | 761893350.16 | जम्मा | | 761893350.15 |

यस वर्ष पालिकाको सुत्र (SuTRA) को २७० बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेकोले देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

| विवरण | म.ले.प.फा.नं. २७० | एकीकृत आय व्यय विवरण | फरक |
|---|---|---|---|
| गत वर्षको अल्या | ५१६४६६२६.८९ | ५३१४६६२६.८९ | १५०००००.०० |
| यस वर्षको आम्दानी | ४७९०४९९८८.२२ | ७०८७४६७२३.३ | २२९६९६७३५.०५ |
| यस वर्षको खर्च रकम | ५२१५०८५३०.४३ | ७४५८१६३२८.२ | २२४३०७७९७.७८ |
| बाँकी मौज्दात | १६५५५३५९.९५ | १६०७७०२१.९४ | -४७८३३८.०१ |

स्थानीय तहले प्रयोगमा ल्याएको लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७० ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।

**वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाइन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा, आन्तरिक आय आय तथा खर्च सुत्रमा यथर्थ लेखाङ्कन गरेको छैन । जसले गर्दा सुवबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोवार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा चालु खर्च खातामा रु.७९१३३.४१/ र पुँजीगत खर्च खातामा रु.९७८३८.०१/- समेत गरी रु.१७८३२३३.६८/- मौज्दात रहेकोमा २०८२ साल ३ महिना ३२ गते संचित कोषमा ट्रान्सफर गरेको गरेको छ ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।
- साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।
- वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको १०९ जनाको दरबन्दी रहेकोमा २१ जना मात्र पदपूर्ति भएको विवरण पेश भएको छ । रिक्त पद पूर्तिको लागि लोकसेवा आयोगमा माग गरी पठाएको पाइएन ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।
- पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।
- पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वियन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४ **नीति तथा मार्गदर्शन**

पालिकाको आ.व. २०८१।८२ को नीति तथा मार्गदर्शन २०८१ असार १० गते नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । नगरसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वियन नभएका उदाहरण देहाय अनुसार छन्ः

- कृषकहरुको मल तथा विषादी छर्ने कामको वर्तमान अवस्थाको जटिलतालाई मध्यनजर गरी नगरपालिकबाट डोन क्यामेरासहितको मल तथा विषादी छर्ने उपकरण खरिद गरी न्यून शुल्कमा कृषकलाई मल तथा विषादी छर्ने प्रबन्ध मिलाउने ।
- किसान परिचयपत्र वितरण कार्यकमलाई निरन्तरता प्रदान गरी यसै आ व मा सम्पूर्ण वडाका किसानहरुलाई परिचयपत्र वितरण गर्न लगाई उक्त परिचयपत्रको आधारमा कृषिजन्य सहुलियत उपलब्ध गराउने नीति अवलम्बन गर्दै लगिनेछ ।
- उन्नत जातका फलफुल, तरकारी बालि, मसला बालिको सम्भाव्यता अध्ययन गरि उपयुक्त * स्थानमा खेति गर्न कृषक समूहलाई प्रोत्साहन गरिनेछ र कृषि उपजको बजारिकरणको उचित प्रवन्ध गरिनेछ ।
- कृषिको आधुनिकिकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्‍याउन कृषिजन्य तथा नगदे वालीजन्य उद्योग तथा व्यवसायहरुलाई प्राथमिकता दिईनेछ ।
- आफ्नो गाउँ आफै बनाउ अभियान अन्तर्गत सहकारीमा सबै नागरिकहरुको पहुँच पुर्‍याई कृषिमा योगदान पुर्‍याउने नीति लिईनेछ ।
- कृषि उत्पादनलाई बढाउन भौगोलिक विशेषता अनुसारको बाली लगाउन माटो परीक्षण गरी सुहाउँदो बाली लगाउनमा कृषकलाई सहयोग गरिनेछ ।
- प्राङ्गारिक मल उत्पादन केन्द्र स्थापना गर्ने ।
- गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणालीलाई प्रवर्द्धन गर्न प्राथमिकता दिँदै विद्यालयको संस्थागत सुधार गर्नुका साथै आवश्यक ऐन, नियम, मापदण्ड तथा कार्यविधी निर्माण गरिनेछ ।
- खुल्ला प्रतिस्पर्धाबाट प्र अ छनौट गर्ने तथा छनौट भएका प्र अ लाई नगरपालिकाको तर्फबाट थप प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।
- विधार्थीसंख्या, विषयगत शिक्षकको व्यवस्थापन, आवश्यक दरबन्दी तथा दरबन्दीको परिपूर्तिको आधारमा विद्यालयलाई आवश्यक पर्ने थप सहयोगी शिक्षकको रुपमा नगर शिक्षक व्यवस्थापन गरी शैक्षिक गुणस्तर कायम गर्ने नीति अवलम्बन गरिनेछ ।
- प्राविधिक शिक्षाको विकासको लागि नगरपालिकाले निजी क्षेत्रसंग सहकार्य गर्ने ।
- यस नगरपालिकाका जनतासँग सहकार्य गर्दै प्रत्येक सडकको दुवै छेऊमा मापदण्ड तोकी वृक्षारोपण कार्यक्रम अगाडी बढाइने छ ।
- एक वडा एक बनको नीति अवलम्बन गर्ने ।
- बजार क्षेत्र व्यवस्थापन गर्नका लागि विभिन्न ठाउँमा बजार सेड निर्माण गरिनेछ ।
- स्यानिटरी ल्याण्ड फिल साईट (Sanitary Land Filled Site) पहिचान गरी आवश्यक व्यवस्था गर्ने आदि ।

सैद्धान्तिक बेरुजु

५ **खर्च विश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १ करोड १६ लाख ५८ हजार, गत वर्षको मौज्दात रू. ५ करोड ३१ लाख ४६ हजार राजस्व बाँडफाँट रू. ९ करोड ३१ लाख ७० हजार, अनुदानबाट रु. ३८ करोड ७९ लाख ७३ हजार, अन्तर सरकारी अख्तियारीबाट रू. २० करोड १३ लाख २४ हजार, विविध आय रू. १ करोड ४६ लाख २२ हजार समेत रू. ७६ करोड १८ लाख ९३ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३० करोड ७ लाख ५० हजार र पूँजीगत तर्फ रु. २२ करोड ७ लाख ५९ हजार समेत रु. ५२ करोड १५ लाख ९ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा २.२४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रू. १ करोड ९ लाख ९१ हजार खर्च भएको छ जुन आन्तरिक आयको १.७२ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ५७.६७ प्रतिशत चालु र ४२.३३ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका नगर उपप्रमुखले मिति २०८१।३।१० गते रु ५७ करोड ९१ लाख २ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८१।५।३ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०८१।५।९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. २२ करोड ७ लाख ५९ हजार खर्च भएकोमा दोस्रो त्रैमासिकमा ३ करोड ६९ लाख ५५ हजार अर्थात १६.७४ प्रतिशत तेस्रो त्रैमासिकमा रु. ४ करोड १७ लाख ४८ हजार अर्थात १८.९१ प्रतिशत र चौथो त्रैमासिकमा रु. १४ करोड २० लाख ५६ हजार अर्थात ६४.३५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ८ करोड ४९ लाख ४८ हजार अर्थात ३८.४८ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।**(रकम रू. हजारमा)**

| क्र.स. | बजेट उपशीर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजीगत खर्चतर्फ | २२०७५९ | ० | ३६९५५ | ४१७४८ | १४२०५६ | ८४९४८ |
| | प्रतिशत | | ० | १६.७४ | १८.९१ | ६४.३५ | ३८.४८ |

सैद्धान्तिक बेरुजु

## १० योजना छनोट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक नगर विकास योजना २०८१।८२ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागतप्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् । **(रकम रू. हजारमा)**

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | ९ | १ | ८ | १९ | ३८ | ७५ |
| रकम | ७८५ | १२९ | २५७१ | ६०५९ | ९३०९० | १०२६३४ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख माथिका समेत जम्मा ७५ वटा कार्यक्रम सञ्चालन गरेकोमा रू. ५ लाख भन्दा मुनिका मात्र १८ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ११ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| 1 | आर्थिक विकास | १६९७२ | १४२१८ | २.७३ |
| 2 | सामाजिक विकास | २२२४०२ | २०६३३१ | ३९.५६ |
| 3 | पूर्वाधार विकास | २१३८३४ | १८७१०८ | ३५.८८ |
| 4 | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ११७१५ | ८६५१ | १.६६ |
| 5 | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११४१७९ | १०५२०१ | २०.१७ |
| | जम्मा | ५७९१०२ | ५२१५०९ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३९.५६ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र क्षेत्रमा १.६६ प्रतिशत बजेट विनियोजन गरेको छ ।

सैद्धान्तिक बेरुजु

## १२ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा संचित कोषममा ट्रान्सफर गर्नु पर्नेमा देहाय अनुसार संघीय अनुदान तर्फ रू. १३०४२०९२ र प्रदेश अनुदान तर्फ रू. ४७६७०६६ बाँकी रहेको रहेको रकम २०८२ असार २९ र ३० गते फिर्ता गरेको छ । फिर्ता गरेको रकम सुत्र प्रणालीमा अभिलेख हुनु पर्दछ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २३१५६२००० | २१८६६१९७५.८८ | १२९०००२४.१२ |
| | विषेश | १७०००००० | १६८७५१२४ | १२४८७६ |
| | समपुरक | १८५००००० | १८४८२८०८.५१ | १७१९१.४९ |
| | अन्य | - | - | २७६७०६६ |
| प्रदेश सरकार | शसर्त | ९५००००० | ६७३२९३४ | ० |
| | विषेश | ३०००००० | ३०००००० | २०००००० |
| | समपुरक | २०००००० | ० | १२९०००२४.१२ |
| | अन्य | - | - | - |
| | जम्मा | २८१५६२००० | २६३७५२८४२ | १७८०९१५८ |

सैद्धान्तिक बेरुजु

## १३ बार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २२ करोड ७ लाख ५९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र

गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **सभा सञ्चालन खर्च**

मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा १४ मा निर्धारण गरेको भन्दा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। नगरपालिकाले सभा सञ्चालनको लागि क्याट ब्याग, पाइलट पेन, डायरी, गम्छा लगायतका सामान केशरी एण्ड सन्स प्रा.लि.(६०४२५७६७१) बाट खरिद गरी भौ.नं.४५६-०८२।३।१२ बाट रू.७,६५,२३६ भुक्तानी दिएको छ। उक्त खर्चमध्ये सभा सञ्चालन शिर्षकबाट रू.५,००,००० र विविध खर्च शिर्षकबाट रू.२,६५,२३६ रहेको छ। पालिकाले सभा सञ्चालन भनेर खर्च लेखे पनि खर्चसँग सम्बन्धित प्रमाण पेश नहुनुका साथै उपरोक्त ऐन विपरित अन्य सुविधा दिन नमिल्ने देखिएकोले सभा सञ्चालनमा ब्याग लगायतका सामान वितरण गरेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **सेवाप्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार विभिन्न कानून स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ५७७ वटा, मृत्यु दर्ता २७९ वटा, बसाइँसराइ ४५ वटा, विवाह दर्ता ३६६ वटा गरेको विवरण प्राप्त भएको छ । पालिकाले पेश गरेको विवरण अनुसार पर्वाधार निर्माण तर्फ ग्राभेल सडक निर्माण २ कि.मि. र ग्राभेल सडक मर्मत ०.५ कि.मि. निर्माण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।सेवा प्रवाहमा वृद्धि गरी अभिलेखीकरण समेत गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ३३ पदमा ७८ जना कर्मचारीहरू करारमा राखि रु. रु ११९३९४२६.५१ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको १५ पदमा ३६ जना करार नियुक्ति गरी बर्षभरीमा रु ८७५५००० भुक्तानी गरेको छ। पालिकाले कर्मचारी दरबन्दी सम्बन्धमा कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा मात्र कर्मचारी पदपूर्ति गर्नुदपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा कार्यरत स्थानीय तहका

कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा नगरी यस वर्ष रू ५ लाख कर्मचारी कल्याण कोषमा जम्मा गरेको छ । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ वटा नियमावली, ३१ कार्यविधि, ७ वटा निर्देशिका र २ वटा नर्म्स समेत ५३ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाबाट पेश भएको विवरण अनुसार ४९ वटा कानून राजपत्रमा प्रकासित गरेको छ। नियमानुसार स्थानीय तहले निर्माण गरेका कानूनहरू राजपत्रमा प्रकासन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष दर्रता भएका ५ वटा मध्ये ४ फस्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **खर्च सार्वजनीकरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष उपभोक्ता समितिमार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । कार्यालयले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन ।पालिकाको आन्तरिक आय रू. २८ लाख ११ हजार रहेको तर पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष १३८ जनालाई रु. १२ लाख ६४ हजार आर्थिक सहायता र उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. १० लाख खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **स्थानीय तह अन्तर्गतका कोषहरू**

आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ। पालिका अन्तर्गत रहेका मर्मत संभार कोष, गरिवी निवारण तथा सामाजिक परिचालन कोष, कर्मचारी कल्याण कोष, वातावरणीय व्यवस्थापन कोष लगायतका कोषहरूमा रू. ३ लाख ११ हजार रकम मौज्दात रहेको विवरण पेश भएको छ ।यस्ता कोषहरूको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकालेको निर्णय अनुसार १० कार्यक्रमको रू. १२४५६५१० घटाइ १६ कार्यक्रममा रू. १३२०९१७० थप गरेको छ । जुन स्वीकृत वार्षिक बजेटको २.५० प्रतिशत हुन आउँछ । शुरु बजेट विनियोजन भएका योजना कटौति गरी पटके निर्णयबाट नयाँ योजनाको लागि रकमान्तर गरी खर्च गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत देखिन्छ।

सैद्धान्तिक बेरुजु

२५ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने, प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकीन गर्ने, गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र निकासी गरी आन्तरिक सकलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले सहकारीहरूको विवरण र समस्याग्रस्त रहेको विवरण पेश नगरेकोले समस्याग्रस्त सहकारीको अवस्था एकीन गर्न सकिएन। पालिका भित्रका सहकारी

संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **सवारी साधन र मेशिनरीको मर्मत अभिलेख**

सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **भ्रमण खर्च**

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **सार्वजनिक सम्पत्तिको रेखदेख**

सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३० **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम

बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३१ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३२ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३३ अनुदान निकासा

४२-२०८२।३।१४ - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाको स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण कार्यक्रमबाट श्री प्राथमिक विद्यालय पिप्रा रजवडालाई रू. ५५ लाख भवन निर्माणको लागि अनुदान दिएको छ । सो अनुदान उपलब्ध गराउँदा कार्यविधि बनाई खर्चका आधार तोकी शशर्त अनुदान खर्चका लागि निकासा दिनु पर्नेमा सो बेगर रकम निकासा दिएको अनुदानको उपयोगको स्थिति यकीन हुने गरी भौतिक प्रगति सहितको अनुगमन प्रतिवेदन र बिल भरपाई समेत प्राप्त नभएकोले अनुदान खर्च तोकिए अनुसार भएको यकीन भएन । कार्यविधि बेगर अनुदान दिएको तथा अनुदानको उपभोग सम्बन्धमा अनुगमन गरी नियमावलीमा उल्लेखित ब्यवस्था बमोजिम बिल भरपाई सहित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५५,००,००० |
|---|---|

## ३४ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाको आन्तरिक आय रू. २८ लाख ११ हजार रहेको तर पालिकाले यस वर्ष विविधतर्फ रु. ३४ लाख ९९ हजार खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३५ म.ले.प. फारमहरूको प्रयोग

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रूपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **वार्षिक कार्यक्रम र प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन ।कार्यालयले लेखापरीक्षणमा वार्षिक कार्यक्रम र प्रगतिको विवरण पेश भएको छैन ।प्रगति विवरण पेश नगरेकोले पालिकाबाट सम्पादन भएका कार्यक्रमहरूको प्रगतिको अवस्था विश्लेषण गर्न सक्ने अवस्था छैन । तोकिएको ढाँचामा कार्यक्रमगत प्रगति प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **कार्यक्रम र योजनाहरू कार्यान्वयन नभएको**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि रू. ५७ करोड ९१ लाख २ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ३५५ वटा कार्यक्रम मध्ये यस वर्ष ७९ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका प्रमुख कार्यक्रमहरू देहाय अनुसार छन्।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन |
|---|---|---|---|---|
| १ | वडा न 4 मा सपही माईको मन्दिर निर्माण कार्य | ३११११ | आन्तरिक श्रोत | 1000 |
| २ | फर्निचर तथा फिक्चर्स तथा विविध कार्य (स्वास्थ्य चौकी तथा वडा कार्यालयको लागि) | ३११२३ | आन्तरिक श्रोत | 1000 |
| ३ | संस्थागत विकास प्रतिवेदन (OD) तयारी | ३११३५ | राजस्व बाँडफाँड – स्थानीय | 1000 |
| ४ | बैनाथ रायको घर देखि जयमंगल रायको पोखरी हुँदै सखुअवा जाने बाटोमा माटोपुरी ग्रेभल कार्य (प्रभु) | ३११५१ | नेपाल सरकार - समानीकरण अनुदान | 500 |
| ५ | कृषि कार्यको लागि तार तथा पोल जडान कार्य | ३११५५ | नेपाल सरकार - समानीकरण अनुदान | 700 |
| ६ | वडा नं. 5 नाला निर्माण कार्य | ३११५१ | आन्तरिक श्रोत | 2200 |
| ७ | वडा कार्यालय बाँकी रहेको कार्य सामग्री खरिद कार्य | ३११५९ | आन्तरिक श्रोत | 1000 |
| ८ | बाटो मर्मत तथा नयाँ बाटो निर्माण कार्य वडा नं 5 | ३११५९ | नेपाल सरकार - समानीकरण अनुदान | 1000 |
| ९ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | 3300 |
| १० | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | २५३११ | नेपाल सरकार - शसर्त अनुदान चालु [ एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)] | 1300 |
| ११ | कृषि उपज बजार निर्माण | ३११३१ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | 700 |
| १२ | वडा न ३ सखुवामा कृषिको लागि पोलतार ट्रान्सफर्मर जडान कार्य | ३११५३ | मधेश प्रदेश - शसर्त अनुदान पुँजीगत | 2500 |
| १३ | अन्य सार्वजनिक निर्माण कार्य | ३११५९ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत | 2000 |
| १४ | फर्निचर तथा फिक्चर्स तथा विविध कार्य (स्वास्थ्य चौकी तथा वडा कार्यालयको लागि) | ३११२३ | आन्तरिक श्रोत | 1000 |

सैद्धान्तिक बेरुजु

४१ **सवारीसाधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान मोटरसाइकल रू. ९७३६९९।÷ खर्च गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **बढी भुक्तानी**

मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ को उपदफा ४(३) मा यातायात खर्च उपलब्ध गराएको पदाधिकारीलाई सवारी साधन, ईन्धन र मोविल खर्च दिन नमिल्ने तथा दफा ३(१) मा दोहोरो सुविधा दिन नमिल्ने व्यवस्था छ। पालिकाका पदाधिकारीलाई मासिक यातायात सुविधा भुक्तानी दिएको अवस्थामा तथा सवारी साधन प्रयोग नगरेको अवस्थामा ईन्धन खर्च भुक्तानी दिन नमिल्ने व्यवस्था छ। पदाधिकारी तथा सदस्यले पाउने सुविधा वाहेक कार्यपालिकाले आफै निर्णय गरी निम्न पदाधिकारिलाई थप ईन्धन उपलब्ध गराई खर्च हुन गएको रकम रु. ११६१६००। सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| क्र.स | पदाधिकारीको नाम | पाउने ईन्धन | कार्यपालिकाको निर्णयानुसार थप ईन्धन | जम्मा लिएको ईन्धन | असुल गर्नुपर्ने रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | नगर उपप्रमुख श्री निर्मला देवी रमण | १२५ | १०० | १२०० | १, ९२ , ०००। | |
| २ | वडा अध्यक्ष श्री शैलेन्द्र ब्याहुत | ३० | ३० | ३६० | ५७, ६००। | |
| ३ | वडा अध्यक्ष श्री राम विश्वास प्रसाद साह | ३० | ३० | ३६० | ५७, ६००। | |
| ४ | वडा अध्यक्ष श्री राजकुमार राय यादव | ३० | ३० | ३६० | ५७, ६००। | |
| ५ | वडा अध्यक्ष श्री रामदेनी मुखिया | ३० | ३० | ३६० | ५७, ६००। | |
| ६ | वडा अध्यक्ष श्री नरेन्द्रसहनी | ३० | ३० | ३६० | ५७, ६००। | |
| ७ | वडा अध्यक्ष श्री राम नरेश राय | ३० | ३० | ३६० | ५७, ६००। | |
| ८ | वडा अध्यक्ष श्री दिलिप कुमार यादव | ३० | ३० | ३६० | ५७, ६००। | |
| ९ | वडा अध्यक्ष श्री योगेन्द्र प्रसाद महत्तो | ३० | ३० | ३६० | ५७, ६००। | |
| १० | वडा अध्यक्ष श्री राम किशोर साह | ३० | ३० | ३६० | ५७, ६००। | |
| ११ | कार्यपालिका सदस्य श्री दिपेन्द्र कुमार मुखिया | | १० | १२० | १९, २००। | |
| १२ | कार्यपालिका सदस्य श्री जय प्रकाश पण्डित | | १० | १२० | १९, २००। | |
| १३ | कार्यपालिका सदस्य श्री नथुनी महत्तो | | १० | १२० | १९, २००। | |
| १४ | कार्यपालिका सदस्य श्री प्रभु देवी यादव | | १० | १२० | १९, २००। | |
| १५ | कार्यपालिका सदस्य श्री रिता देवी | | १० | १२० | १९, २००। | |
| १६ | कार्यपालिका सदस्य श्री एतवरिया देवी | | १० | १२० | १९, २००। | |
| १७ | कार्यपालिका सदस्य श्री रमलिया देवी | | १० | १२० | १९, २००। | |
| १८ | कार्यपालिका सदस्य श्री मोतिला देवी | | १० | १२० | १९, २००। | |
| १९ | लिलाधर प्रसाद कलवार | | ५ | ६० | ९, ६००। | |
| २० | सझा देवि | | ५ | ६० | ९, ६००। | |
| २१ | गिता कुमार | | ५ | ६० | ९, ६००। | |
| २२ | शम्भु प्रसाद यादव | | ५ | ६० | ९, ६००। | |
| २३ | राम अयोधया प्रसाद साह | | ५ | ६० | ९, ६००। | |
| २४ | ममता कुमारी धोवी | | ५ | ६० | ९, ६००। | |
| २५ | बिसुन देयाल सहनी | | ५ | ६० | ९, ६००। | |
| २६ | सरीता गिरी | | ५ | ६० | ९, ६००। | |
| २७ | देवान्ती देवी | | ५ | ६० | ९, ६००। | |
| २८ | रामपुकार साह | | ५ | ६० | ९, ६००। | |
| २९ | किसन्नदन हजरा | | ५ | ६० | ९, ६००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | शारधा देवि विन | | ५ | ६० | ९, ६००। | |
| ३१ | विजिन्द्र ठाकुर हजाम | | ५ | ६० | ९, ६००। | |
| ३२ | आशा कुमारी देवि | | ५ | ६० | ९, ६००। | |
| ३३ | उर्मिला कुमारी | | ५ | ६० | ९, ६००। | |
| ३४ | महेन्द्र साह | | ५ | ६० | ९, ६००। | |
| ३५ | रामपति देवी साह | | ५ | ६० | ९, ६००। | |
| ३६ | परमशिला देवी चमार | | ५ | ६० | ९, ६००। | |
| ३७ | भुषण ठाकुर हजाम | | ५ | ६० | ९, ६००। | |
| ३८ | फेकु महतो नुनिया | | ५ | ६० | ९, ६००। | |
| ३९ | कुमारी देवी | | ५ | ६० | ९, ६००। | |
| ४० | पवित्री देवी | | ५ | ६० | ९, ६००। | |
| ४१ | बिन्देश्वरी महतो सुडी | | ५ | ६० | ९, ६००। | |
| ४२ | रामईश्वर राय | | ५ | ६० | ९, ६००। | |
| ४३ | सुगनधी देवी | | ५ | ६० | ९, ६००। | |
| ४४ | शम्भु सहनी | | ५ | ६० | ९, ६००। | |
| ४५ | जिन्दु राय यादव | | ५ | ६० | ९, ६००। | |
| ४६ | राम किशोर साह | | ५ | ६० | ९, ६००। | |
| ४७ | मिथिला देवी | | ५ | ६० | ९, ६००। | |
| ४८ | जोगीन्दर साह तेली | | ५ | ६० | ९, ६००। | |
| ४९ | वीरेन्द्र महतो | | ५ | ६० | ९, ६००। | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६१,६०० |

### ४३ आन्तरिक लेखापरीक्षण

४३.१ आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर माधव नारायण नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३.२ प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवम् आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएतापनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस

नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवम् वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको बैँक स्टेटमेन्ट अनुसार गत वर्षको बाँकी रकम रु. ६८१७५२८ यो वर्षको प्राप्त धरौटी आम्दानी रु. १०८४४३०५.८६ समेत रु. १७६६१८३३.८६ धरौटी आम्दानी देखिएको छ । सो मध्ये खर्च रु. ३७२६७०९.५९ भई रु १३९३५१२४.२७ बाँकी देखिन्छ। व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको कारण धरौटी खातामा मौज्दात रहेको रु. १३९३५१२४.२७ मध्ये कुन वर्ष देखिको कस्को नामको के वापत धरौटी रहेको हो यकिन गर्न सक्ने अवस्था छैन । धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता नरहेकोले वैंक स्टेटमेन्ट अनुसार फिर्ता गर्ने गरेको पाइयो । व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुँदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **धरौटी सदरस्याहा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम तोकिएको समायवधिभित्र धरौटी फिर्ता लिन नआएमा त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने र त्यस्तो म्यादभित्र पनि लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ ।गोश्वरा भौचर नं १०/२०८१।०९।०८ र १२/२०८१।०९।२२ क्रमश: रु २६८७६३ र रु ७०६६६ माधवनारायण नगरपालिका आफैलाई नै फिर्ता गरेको देखिन्छ।पालिकाले यस सम्बन्धमा यकिन गरी नगरपालिकामा गत विगतको रु. ६८१७५२८ धरौटी बाँकी रहेकोमा यस्ता पुराना तथा प्रयोजन समाप्त भएका धरौटीहरु सम्बन्धमा यकिन गरी सदरस्याहा गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४६ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। निर्माण व्यवसायीला्इ गत विगतमा भुक्तानी भएको मोविलाइजेशन पेश्की रू. १४४८५०००।÷ सम्झौता अनुसार फछ्र्यौट हुनु पर्दछ साथै कार्यालयबाट देहाय अनुसार म्याद समाप्त भएको अन्य पेश्की वाँकी रू. २४३९३५०।÷ नियमानुसार फछ्यौट हुनु पर्ने रू.

| भौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| १ पदाधिकारी | | | | |
| ७२ | ०७/२८/२०८१ | नगर भित्रका सबै छट्ठ घाट सजाउट तथा व्यवस्थापनमा सहयोग/खर्च | दिलीप कुमार यादव | ५०,०००.०० |
| ७२ | ०७/२८/२०८१ | नगर भित्रका सबै छट्ठ घाट सजाउट तथा व्यवस्थापनमा सहयोग/खर्च | राम देनी मुखिया | ५०,०००.०० |
| ७२ | ०७/२८/२०८१ | नगर भित्रका सबै छट्ठ घाट सजाउट तथा व्यवस्थापनमा सहयोग/खर्च | शैलेन्द्र ब्युहुत | ५०,०००.०० |
| २ कर्मचारी | | | | |
| ४०१ | ०३/०५/२०८२ | सभा सञ्चालन खर्च | पृथ्वी नारायण यादव | ५,००,०००.०० |
| ३ संस्थागत | | | | |
| २१२ | | बाल विकास आधारभूत विद्यालयलाई अनुदान रकम | श्री बाल विकास आधारभुत विद्यालय विशुनपुर्वा | ८,००,०००.०० |
| ४ उपभोक्ता समिति | | | | |
| ६८ | १२/२५/२०८१ | कृषि अन्तर्गत स्यालो टयूवेल जडान कार्य | टयुवेल जडान उ स माधवनारायण न पा १दिपही | ३,२०,१००.०० |
| ५ व्यक्तिगत | | | | |
| २८९ | ०३/२५/२०८२ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | रोहित प्रसाद खनाल | १,००,०००.०० |
| २८९ | ०३/२५/२०८२ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | रोहित प्रसाद खनाल | ९०,०००.०० |
| २९० | ०३/२५/२०८२ | स्वीकृत कार्यविधि बमोजिम स्थानीय तहहरुबाट WASH Plan बनाउने कार्य | अरविन्द कुमार यादव | २,००,०००.०० |
| २९० | ०३/२५/२०८२ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | अरविन्द कुमार यादव | २,७९,२५०.०० |
| | जम्मा | | | २४३९३५० |

| | |
|---|---|
| पेश्की | २४,३९,३५० |

## ४७ गत आ.व.को भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । उपनियम १५ अनुसार उल्लिखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएको अवस्थामा सम्बन्धित कार्यालयले सम्लग्न वील, भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकी विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७

दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नु पर्ने छ । पालिकाले २०८१।५।३ को निर्णय अनुसार चालु तर्फ ४४ कार्यक्रमको रू. ९२४६८२७.८१ र पूँजीगत तर्फ १ कार्यक्रमको रू. १९७००००। समेत रू. ११२१६८२७।८१ गत वर्षको भुक्तानी दिन बाँकी रकम राखी सबै रकम खर्च गरेको छ । बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक दायित्व सृजना हुने गरी खर्च नगर्ने व्यवस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **छात्रवृत्ति निकासा**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलापन नं. ७.२.१.१ को बूँदा नं. ४.२ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयलाई कक्षा १-५ सम्म दलित तथा छात्रा छात्रवृत्ति प्रति विद्यार्थी रू.४०० का दरले दिने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गत सञ्चालित १९ वटा विद्यालयहरूलाई संघीय सशर्त चालुको भौ.नं. १५०-०८२।२।२८ बाट रू.१६,९६,००० निकासा दिएकोमा स्रेस्ता परीक्षण गर्दा अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि विद्यालयहरूले छात्रवृत्ति वितरण गरेको पाइएन। नियमानुसार सशर्त अनुदान सम्बन्धित आर्थिक वर्षमा खर्च हुन नसकेमा सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने भएकोले देहायका विद्यालयहरूबाट अनुदान रकम असुल गरी संघीय खतामा दाखिला गर्नुपर्ने रू...

| क्र.सं. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| 1. | सरस्वती माध्यमिक विद्यालय खेसरहिया | ८९२०० |
| 2. | माध्यमिक विद्यालय माद्योपुर | १८८८०० |
| 3. | देवी माध्यमिक विद्यालय सखुआवा | १२७२०० |
| 4. | राधाकृष्ण माध्यमिक विद्यालय मिठुआवा | १८५२०० |
| 5. | माध्यमिक विद्यालय विशुनपूर्वा मानपुर | ११६००० |
| 6. | आधारभुत विद्यालय दिपही | ८८००० |
| 7. | आधारभुत विद्यालय भेलही | ८२४०० |
| 8. | बालविकास आधारभुत विद्यालय विसुनपूर्वा मानपुर | ५१२०० |
| 9. | राम जानकी आधारभुत विद्यालय दिपही | ४२००० |
| 10. | शहिद सुरेश प्राथमिक विद्यालय खेसरहिया | ६८००० |
| 11. | पुनम शाह कन्या प्राथमिक विद्यालय मिठुआवा | ४५६०० |
| 12. | प्राथमिक विद्यालय मिठुआवा कटहरिया | ३६४०० |
| 13. | प्राथमिक विद्यालय माद्योपुर | ६३६०० |
| 14. | प्राथमिक विद्यालय लौकाहा | ९१६०० |
| 15. | प्राथमिक विद्यालय पिप्रा रजवाडा-४ | ७५६०० |
| 16. | रूपलाल सामुदायिक प्रा.वि. फुलवरीया | ७८४०० |
| 17. | प्राथमिक विद्यालय पिप्रा रजवाडा टोला | १३०८०० |
| 18. | प्राथमिक विद्यालय खडकी | ८८४०० |
| 19. | प्राथमिक विद्यालय गढो (रघुनाथपुर) | ४७६०० |
| | जम्मा रकम | १६९६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,९६,००० |

४९ **अङ्ग्रेजी, विज्ञान र गणित विषमा शिक्षण अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलापन नं. २.७.१३.४० र २.७.१३.४१ मा क्रमशः कक्षा (९-१०) र (६-८) सञ्चालित विद्यालयका लागि बजेटको परिधिभित्र रही शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदनअनुरूप सामुदायिक विद्यालयको माध्यमिक तहका लागि शुन्य दरबन्दी/राहत अनुदान कोटा भएका विद्यलायलाई ३ ओटा, १ दरबन्दी/राहत भएकालाई २ ओटा र २ दरबन्दी/राहत भएकालाई १ ओटाका दरले त्यस्तै कक्षा (६-८) सम्म सञ्चालित शुन्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध दिने व्यवस्था छ। शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं. ७(ख) अनुसार छनौट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने र यो करार अवधि सामान्यतः एक शैक्षिक सत्रको लागि हुने भनिएकोमा नगरपालिकाले देहायका विद्यालयहरूलाई शुन्य शिक्षक अनुदान दिएकोमा शिक्षकको नियुक्ती, सम्झौता, छनौटको प्रक्रिया, शैक्षिक योग्यता तथा प्रमाणपत्र र लामो समयदेखि पढाउदै आएका शिक्षकहरूको सम्झौता नविकरण लगायतका प्रक्रिया र प्रमाण बेगर अनुदान निकासा दिएको र शिक्षकहरुलाई भुक्तानी गरेको पे-रोल समेत पेश नभएकोले शिक्षक नियुक्ती गरेको भए नियुक्ती र भुक्तानीको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू....

| भौ.नं.।मिति | विद्यालयको नाम | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| ८५-०८२।२।२८ | श्री आधारभुत विद्यालय भेलही | ४६१४३० | (६-८ सम्म) १ जना, अङ्ग्रेजी विषयको लागि अरूण बैठालाई नियुक्त गरेकोमा चैत्र मसान्तसम्मको हाजिरी मात्र पेश भएको र भुक्तानीको पे-रोल पेश नभएको पाइयो। |
| १९४-०८२।३।२० | श्री बालबिकास आधारभुत विद्यालय | ९२२५१० | (६-८ सम्म) २ जना, लिलाधर पंजियार लाई ०७८।६।८ मा नियुक्त गरी एक शैक्षिकसत्रको लागि राखेकोमा आ.व. ०८१।८२ सम्म पनि नविकरण नगरी गणित र विज्ञान दुबै विषयको लागि नियुक्त गरेको पाइयो तर अर्को एक जना नियुक्त गरेको र भुक्तानीको प्रमाण पेश नभएको। |
| ८७-०८२।२।२८ | श्री राधाकृष्ण माध्यमिक विद्यालय-५ मिठुआवा | १७३३८७१ | (९-१० सम्म) ३ जना, विज्ञान विषयको लागि राकेश साहलाई I.Sc. Agriculture को शैक्षिक योग्यतामा ०८१।११।१ मा नियुक्ती गरेको तर बाँकि २ जना नियुक्त गरेको छैन। |
| ८८-०८२।२।२८ | श्री माध्यमिक विद्यालय विशुनपूर्वा मानपुर | ११५५९१४ | (९-१० सम्म) २ जनाको लागि तर नियुक्ती र भुक्तानीको प्रमाण पेश नभएको। |
| ८६-०८२।२।२८ | श्री माध्यमिक विद्यालय माधोपुर | ११५५९१४ | (९-१० सम्म) २ जनाको लागि तर नियुक्ती र भुक्तानीको प्रमाण पेश नभएको। |
| | जम्मा रकम | ५४२९६३९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,२९,६३९ |

## ५० दिवा खाजा

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रू. १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ । पालिका अन्तर्गत संचालित १९ वटा विद्यालयलाई नगरपालिकाले भौ. नं. १९-०८१।७।१२ बाट रू. २१,१०,०८०, भौ. नं. ४९- ०८१।११।२० बाट रू. ३०,३४,६६५, भौ.नं. ५०-०८१।११।२१ बाट रू. ३३,९८,३३५, भौ.नं. ८३-०८२।२।२७ बाट रू. २८,२६,०९०, भौ.नं. १९५-०८२।३।२० बाट रू. २६,८४,६५५, भौ.नं. २५८-०८२।३।२४ बाट रू.१३,६२,००० र भौ.नं. २७९-०८२।३।२५ बाट रू.१५,५८,८३० गरी जम्मा रू. १,६९,७४,६५५ निकासा दिएको छ । यस सन्दर्भमा निम्नलिखित व्यहोरा देखियोः

-दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापन सम्बन्धि कार्य कार्यान्वियन पुस्तिको अनुसूची ४, दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ (परिमार्जन सहित) र विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी कार्यविधि,२०७७ (परिमार्जन सहित) अनुसार प्रत्येक विद्यालयले दैनिक आवश्यकताको ३०% पोषण दिवा खाजाबाट प्राप्त हुने गरी विद्यालयले खाजा खुवाउनुपर्ने व्यवस्थाको पूर्ण परिपालान नभएकोले पालिकाद्धारा उक्त कार्यको अनुगमन गरी खाजाको गुण्स्तरीयता लगायतका मापदण्डको पूर्ण पालन गराउने तर्फ ध्यान दिनुपर्दछ ।

-कार्यान्वियन पुस्तिका अनुसार दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्र सञ्चालित विद्यालयमा एकरूपता कायम हुने गरी स्थानीय उत्पादनमा आधारित दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गरी सार्वजनिक गर्नुपर्नेमा नगरपालिकाले खाजा मेनु र खाजा व्यवस्थापन विधि नबनाएकोले खाजामा के खुवाएको यकिन भएन। पालिकाले कार्यविधिको निर्देशन अनुसार स्थानीय कृषि उत्पादनमा आधारित खाजा खुवाउने व्यवस्था मिलाउनुपर्छ।

-आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, 2077 को नियम 39 (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नगरपालिका अन्तर्गत संचालित १९ वटा विद्यालययहरुलाई निकासा दिएकोमा विद्यालयद्वारा दैनिक विद्यार्थी उपस्थिति पुस्तिकाको आधारमा खाजा खुवाएको प्रमाण पेश नभएको साथै विद्यालयहरूले पाएको अनुदानबाट कार्यक्रम कार्यान्वय कार्यविधिमा तोकिए बमोजिम १८० दिनसम्म विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी कार्यविधि,२०७७ अनुसार गुणस्तरीय दिवा खाजा कार्यक्रम नियमित रूपमा सञ्चालन गरे नगरेको पालिकाद्वारा अनुगमन नभएकोले अनुदान निकासा वास्तविक विद्यार्थी संख्याका आधारमा भएकोमा यकिन हुन सकेन। तसर्थ, दैनिक विद्यार्थी उपस्थितिको आधारमा अनुदान निकासा भएको दैनिक हाजिरी पुस्तिका र दिवा खाजा नियमित रुपमा सञ्चालन भएको आश्वस्त हुन पालिकाले अनुगमन गरी प्रतिवेदन प्रमाण पेश गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१ **सामुदायिक सिकाई केन्द्रलाई अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.११ को बूँदा नं. ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र जसको वार्षिक साधारण सभा भएको र साधारण सभाबाट आगामी वर्षको बजेट तथा कार्यक्रम स्वीकृति वा पारित गरेको, साधारण सभाको बैठकबाट गत आर्थिक वर्षको खर्चको विवरण स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग गरी नियमितरूपमा प्रतिवेदन पेस गरेकोलाई वार्षिक रू.३ लाख अनुदान दिने व्यवस्था छ। उक्त अनुदान रकमबाट सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रू. १०,००० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्क मार्फत भुक्तानी गर्नुपर्ने र पारिश्रमिक भुक्तानीपश्चात बाँकी अनुदानबाट सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ ले उल्लेख गरेबमोजिमका वार्षिक कार्यक्रमहरू तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले दुईवटा सामुदायिक सिकाई केन्द्रलाई रू.६,००,००० अनुदान निकासा दिएकोमा उल्लेखित कुनै पनि शर्त र प्रमाण पेश नगरेकोले सिकाइ केनद्रहरू सञ्चालित अवस्थामा रहेको यकिन भएन।अतः सम्बन्धितबाट अनुदान रकम असुल गरी संघीय राजस्व दाखिला गर्नुपर्ने रू...

| भौ.नं.।मिति | सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| ४३-०८१।१०।३० | सामाज सेवा सामुदायिक सिकाइ केन्द्र | ३००००० |
| १६२-०८२।३।१९ | लक्ष्मी सामुदायिक सिकाइ केन्द्र | ३००००० |
| | जम्मा रकम | ६००००० |

| असुल गर्नुपर्ने | ६,००,००० |
|---|---|

५२ **उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ को बूँदा नं. ९.२ मा स्थानीय तहले शैक्षिक व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधर मानेर उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख अनुदान दिन सक्ने व्यवस्था छ। पालिकाले उपरोक्त मापदण्ड नअपनाई मौखिम आधारमा उत्कृष्ट विद्यालय घोषणा गरी भौ.नं.१६८-०८२।३।२० बाट श्री प्राथमिक विद्यालय गठो रघुनाथपुरलाई रू.२ लाख निकासा दिएको छ।

विद्यालयले प्राप्त गरेको अनुदानबाट विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिनेगरी विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्नुपर्नेमा वि.व्य.स. को निर्णय पेश भएको छैन। साथै विद्यालयले सम्पादित कार्यका आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रूपमा पठाउनुपर्नेमा प्रतिवेदन नपठाएको पाइयो। अतः विद्यालयले अनुदान रकम खर्च नगरी खातामा मौज्दात राखेकोले प्राथमिक विद्यालय गठो रघुनाथपुरबाट अनुदन रकम असुल गरी संघीय राजस्वमा दाखिला गर्नुपर्ने रू...

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

५३ **समानीकरण अनुदानबाट विद्यालय अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। नगरपालिकाले देहायका विद्यालयहरूलाई अनुदान रकम निकास गरेको छ। तर उक्त अनुदान के प्रायोजनको लागि दिएको कुनै निर्णय नभएको तथा विद्यलायबाट पनि कार्ययोजना पेश गरी माग नभएको पाइयो। स्रेस्ता परीक्षण गर्दा देहायका विद्यालयहरूले उक्त अनुदान के कार्यमा खर्च गरेको हो केहि नखुलेको तथा खर्चको प्रमाण समेत पेश नभएकोले विद्यलाय व्यवस्थापन समितिबाट स्वीकृत कार्ययोजना अनुसारको काममा अनुदानको समुचित खर्चको प्रमाण पेश गर्नुपर्ने रू...

| भौ.नं.।मिति | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| ४०६-०८२।३।९ | आधारभुत विद्यालय भेल्ही | ५००००० |
| ८४-०८१।७।११ | प्राथमिक विद्यालय रजवाडा | ६००००० |
| ४२-०८१।७।११ | प्राथमिक विद्यालय लौकाहा-३ | ६५०००० |
| | प्राथमिक विद्यालय गठो रघुनाथपुर | १००००० |
| | प्राथमिक विद्यालय माधोपुर | १०००००० |
| | जम्मा रकम | २८५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,५०,००० |

५४ **पाठ्यपुस्तक अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ । माधवनारायण नगरपालिका अन्तर्गत सञ्चालित १९ वटा सामुदायिक विद्यालयलाई आर्थिक वर्ष २०८१।८२ मा पाठ्यपुस्तक वितरण गर्न भौ.नं.६७-०८२।१।१७ बाट रु.४२,८९,५३२ र भौ.नं. १९६-०८२।३।२० बाट रू.१६,०४,०८७ गरी जम्मा रु.५८,९३,६१९ निकासा भएको छ ।कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले प्रमाण/भरपाई पेश गर्दा वि.व्य.स. र प्र.अ. द्वारा प्रमाणित गरेर मात्र पेश गर्नुपर्ने व्यवस्था छ। स्रेस्ता परीक्षण गर्दा पालिका अन्तर्गत सञ्चालित विद्यालयहरूलाई अनुदान रकम निकासा भएको तर पाठ्यपुस्तक खरिद गरको बिल र वितरणको भरपाई पेश नभएकोले पाठ्यपुस्तक खरिद भई विद्यार्थीहरूलाई वितरण भएकोमा आश्वस्त हुन सकेन। तर्सथ, देहायका विद्यालयहरुले कक्षा १ देखि १२ सम्मका अनिवार्य पाठ्यपुस्तक खरिद गरी वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रू....

| क्र.सं. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| 1. | सरस्वती माध्यमिक विद्यालय खेसरहिया | ६६२६१९ |
| 2. | माध्यमिक विद्यालय माद्योपुर | ११९४८३५ |
| 3. | देवी माध्यमिक विद्यालय सखुआवा | ६९०७५५ |
| 4. | राधाकृष्ण माध्यमिक विद्यालय मिठुआवा | ५९३८४९ |
| 5. | माध्यमिक विद्यालय विशुनपूर्वा मानपुर | ५३४०६३ |
| 6. | आधारभुत विद्यालय दिपही | ३३०६३५ |
| 7. | आधारभुत विद्यालय भेलही | ३६०३६१ |
| 8. | बालविकास आधारभुत विद्यालय विसुनपूर्वा मानपुर | २१९१८० |
| 9. | राम जानकी आधारभुत विद्यालय दिपही | ११०७०० |
| 10. | शहिद सुरेश प्राथमिक विद्यालय खेसरहिया | १२३५१३ |
| 11. | पुनम शाह कन्या प्राथमिक विद्यालय मिठुआवा | ९१००७ |
| 12. | प्राथमिक विद्यालय मिठुआवा कटहरिया | ७१३८० |
| 13. | प्राथमिक विद्यालय माद्योपुर | १३६१७५ |
| 14. | प्राथमिक विद्यालय लौकाहा | १६४४९६ |
| 15. | प्राथमिक विद्यालय पिप्रा रजवाडा-४ | ११३६६१ |
| 16. | रूपलाल सामुदायिक प्रा.वि. फुलवरीया | ११४३९६ |
| 17. | प्राथमिक विद्यालय पिप्रा रजवाडा टोला | १७००४४ |
| 18. | प्राथमिक विद्यालय खडकी | १०७१८९ |
| 19. | प्राथमिक विद्यालय गढो (रघुनाथपुर) | १०४७६१ |
| | जम्मा अनुदान रकम | ५८९३६१९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,९३,६१९ |

## ५५ स्यानेटरी प्याड खरिद

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ। नगरपालिकाले यस वर्ष भौ.नं. २७-२०८१/९/११ बाट रू. ७८.१९६ प्रति प्याकेट (मू.अ. कर समेत) का दरले २६००० प्याकेट स्यानेटरी प्याड रू.२०,३३,०९६ मा सिलबन्दी दरभाउपत्र विधिबाट मेडिगोल्ड इन्टरनेशनल प्रा.लि. (६०६९०४७५१) बाट Safety sanitary pad school girl ultra खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः

1. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले लागत अनुमान तयार नगरी बजेटलाई नै आधार मानी स्यानेटरी प्याड खरिद गरेको

छ। नियमावलीको व्यवस्था अनुसार स्पेशिफेकेशन सहितको लागत अनुमान स्वीकृत गराई मात्र खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ ।

2. स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बूँदा नं. ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै बूँदा नं. ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले उल्लेखित रुपमा वितरण नगरी वर्षान्तमा एकमुष्ट खरिद गरी विद्यालयहरुलाई विरतण गरेको छ। साथै खरिद गरेको प्याडको गुणस्तर परीक्षण नगरी वितरण गरेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ। साथै पालिकाले सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको समेत यकिन गर्नुपर्दछ ।
3. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा २० लाख भन्दा बढि लागत अनुमान भएको मालसमान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने र विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका,२०८० को बूँदा नं. ५ (१) अनुसार सार्वजनिक नियकायले खुल्ला बोलपत्र माध्यमबाट मालसमान खरिद गर्दा अनिवार्य रुपमा विद्युतीय प्रणालिको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपरोक्त नियम विपरित तीनवटा सप्लायर्सबाट सिलबन्दी माध्यमबाट खरिद गरी रू.२०,३३,०९६ भुक्तानी दिएको नियम विपरित भएको रू.....

| अनियमित भएको | २०,३३,०९६ |
|---|---|

५६ **विपदका समयमा सिकाई निरन्तरताका लागि द्रुत सिकाई योजना**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०४ कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा विपदको समयमा सिकाई निरन्तरताका लागि Online Media Plateform विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको ReAL Menu मा रहेका सामग्रीको प्रयोग गरी स्थानीय तहले स्थानीय तहका विकास साझेदार संस्थाहारुको नक्साङ्कन, ReAL plan नमुना गर्नुपर्ने कार्यहरूको अभिमुखीकरण तथा REAL कार्यक्रम कार्यान्वयनको लागि स्रोतको नक्साङ्कन गर्ने, विद्यालयबाट सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने तथा ReAL Plan कार्यान्वयनका लागि एकजना कर्मचारीलाई कार्यक्रम संयोजक तोकी कार्यान्वयन सहजीकरणको व्यवस्था मिलाउने सम्बन्धित विद्यलायले ReAL Plan कार्यान्वयन सम्बन्धमा शैक्षिक सत्रको सुरुमा तोकिएका कक्षाका विषयगत शिक्षकलाई विद्यालयस्तरमा सम्पादन गर्ने कार्यक्रमको विस्तृत अभिमुखिकरण गर्ने तथा विद्यार्थीको पूर्व परीक्षा सञ्चालन गर्ने लगायतका क्रियाकलापहरू गर्नुपर्ने उल्लेख छ। पालिकाले यस शिर्षकमा आएको अनुदानबाट सिकाई आपुरण तथा द्रुत सिकाई योजनाको लागि प्रो-वन प्रा.लि. (६२११९६५००) लाई भौ.नं.८१-०८२।२। १८ बाट रू.४,८८,१६० भुक्तानी दिएको छ। नगरपालिकाले सिकाउने विषय, दैनिक समय तालिका, सिकाइको समयावधि लगायतका विषयमा प्रो.वन प्रा.लि.सँग कुनै सम्झौता गरेको छैन।पालिकाले उल्लेखित विषयवस्तुमा सम्झौता गरेर कार्यक्रम कार्यविधिमा तोकेनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको ReAL Menu अनुसार मात्र शैक्षिक परिपूरणको कक्षा सञ्चालन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **विद्यालयको जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०५ (१) मा कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको लिखित आदेश नभई जिन्सी मालसामान कसैलाई हस्तान्तरण गर्नु वा गराउनु नहुने र उपनियम (२) मा जिन्सी मालसामान हस्तान्तरण गर्दा महालेखा परीक्षकबाट स्वीकृत ढाँचाको हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले विद्यालयको लागि फर्निचर तथा फिक्सचर्स शीर्षकबाट व्याट्री, नेटवर्रकिङ तार एन्टिभाइसर, एसएसडी हार्ड ड्राइभ लगायतका सामग्री ग्याजेट जोनबाट खरिद गरी रू. ९७८४४९।– भुक्तानी गरेको छ । खरिद भएका जिन्सी मालसामान नियमानुसार सम्बन्धित विद्याललयलाई हस्तान्तरण गरेको र विद्यालयमा दाखिला गरेको प्रमाण समावेश नगरी खर्च लेखेकोले जिन्सी मालसामानको

विद्यालयले उपयोग गरेको यकीन गर्न सक्ने अवस्था छैन । हस्तान्तरण गरेको र सम्बन्धित विद्यालयले दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७८,४४९ |

५८ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र. सं . | विद्यालयको नाम | दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | विद्यार्थी संखया |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय खेसरहिया | १६ | १६ | ३ | १३०० |
| २ | श्री माध्यमिक विद्यालय माद्योपुर | १३ | १३ | १ | १९४६ |
| ३ | श्री राधाकृष्ण माध्यमिक विद्यालय मिठुअवा | ११ | ११ | २ | १०२९ |
| ४ | श्री देवी माद्य्यमिक विद्यालय सखुअवा | १६ | १६ | ५ | ११८१ |
| ५ | श्री माद्य्यमिक विद्यालय विसुनपर्वा मानपुर | ९ | ९ | ३ | ७९८ |
| ६ | श्री आधारभुत विद्यालय दिपही | ८ | ८ | २ | ७५४ |
| ७ | श्री आधारभुत विद्यालय भेलही | १० | १० | ३ | ६९३ |
| ८ | श्री बालविकास आ. वि. विसुनपुर्वा मानपुर | ५ | ५ | २ | ४६८ |
| ९ | श्री प्राथमिक विद्यालय मिठुअवा कटहरिया | ३ | ३ | १ | २७० |
| १० | श्री प्राथमिक विद्यालय लौकाहा | ३ | ३ | २ | ४१३ |
| ११ | श्री प्राथमिक विद्यालय माद्योपुर | २ | २ | १ | ३०० |
| १२ | श्री प्राथमिक विद्यालय पिपरा रजवडा ४ | ३ | ३ | | २७२ |
| १३ | श्री प्राथमिक विद्यालय पिपरा रजवडा टोला ८ | ४ | ४ | २ | ४४३ |
| १४ | श्री प्राथमिक विद्यालय गढो रघुनाथपुर | ४ | ४ | २ | २१९ |
| १५ | श्री शहिद सुरेश प्राथमिक विद्यालय खेसरहिया | १ | १ | १ | २८० |
| १६ | श्री रामजानकी प्राथमिक विद्यालय दिपही | ४ | ४ | ३ | २८७ |
| १७ | श्री रुपलाल सामुदायिक प्रा. वि. फूलबरिया | ३ | ३ | ३ | ३०० |
| १८ | श्री पुनम शाह कन्या प्रा. वि. मिठुअवा | ३ | ३ | २ | १९१ |
| १९ | श्री प्राथमिक विद्यालय खडकी | 0 | 0 | 0 | ३०० |
| जम्मा | | ११८ | ११८ | १३ | ११४४४ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

**विद्यालयगत निकासा रजिष्ट्रर** – अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक

नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **औषधि खरिद**

नगरपालिकाले ४३ प्रकारका औषधिजन्य र सर्जिकल सामनाको लागि संघीय सशर्त चालुको भौ.नं.२८-०८१।९।११ बाट रू.३०,००,००० नगरपालिका चालुको भौ.नं.१५१-०८१।९।११ बाट रू.६,०९,८८३ गरी रू.३६,०९,८८३ को नासा मेडिको सप्लायर्स (६००२७२५४८) बाट शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ। पालिकाले नगर चालुको भौ.नं.२२२-०८१। १०।२९ बाट रू.४,९९,५१५ को तारा मेडिलिंक प्रा.लि. (६१०३९७६३५) बाट र भौ.नं.४३९-०८२।३।१७ बाट रू.९,७४,३४१ को पाथिभारा मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा.लि. (६०९७९९९९४) बाट गरी कुल रू.५०,८३,३१३ को औषधि तथा सर्जिकल्स सामान खरिद गरी भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएको अन्य व्यहोराहरु निम्नानुसार छनः

1. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले लागत अनुमान तयार नगरी बजेटलाई नै आधार मानी औषधि खरिद गरेको छ। नियमावलीको व्यवस्था बमोजिम माग अनुसारको संख्या, गुणस्तर र स्पेशिफिकेशन सहितको लागत अनुमान स्वीकृत गराई मात्र खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ।
2. औषधी खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण यकिन नगरी पालिकाले औषधि खरिद गरी वितरण गरेको भनिए पनि वितरण तथा हस्तान्तरणको प्रमाण पेश भएन। पालिकाले औषधि खरिदको पूर्व योजना र आवश्यकता पहिचानको लागि पनि खरिद र खर्चको अभिलेखालाई व्यवस्थित बनाउनुपर्दछ।
3. पालिकाले खरिद गरेको औषधि elmis मा प्रविष्टि गरेको छैन्। औषधि वा औषधिजन्य सामग्रीको खरिद गर्दा अनिवार्य रुपमा elmis प्रविष्टि गर्नुपदर्छ।
4. आपूर्ति हुने औषधि WHO/GMP सर्टिफाइड हुनुपर्ने व्यवस्था रहेकोमा औषधि खरिद गरेको कम्पनीको WHO/GMP सर्टिफाइड पेश भएको छैन। तर्सथ, पालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य वस्तुहरुको खरिद गर्दा गुणस्तरीयताको प्रमाणिकतालाई विशेष ध्यान दिनुपर्दछ।
5. औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि वाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन। मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन। यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ।
6. निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिप र बोतलमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेकोले जिल्लाबाट कति औषधि प्राप्त भयो यकिन भएन। पालिकाले खरिद गरेको र अनुदानबाट प्राप्त भएको औषधिको छुट्टा-छुट्टै अभिलेख राख्नुपर्दछ।
7. औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ। औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।
8. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१क) अनुसार पचास लाख रूपैयाँसम्मको एक्सरे, इसिजी, औषधिजन्य मालसामान, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरणहरू खरिद गर्दा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ। नगरपालिकाले पटक-पटक गरी विभिन्न सप्लायर्सबाट पचास लाख भन्दा बढीको

औषधि सोझै खरिद गरेको देखिन्छ।यस सम्बन्धमा आवश्यकताको आधारमा आकस्मिक औषधि खरिद गर्नुपरेको पालिकाको भनाई रहेको छ। पालिकाले उल्लेखित कानून बमोजिम माग र आवश्यकताको विश्लेषण गरी एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धात्म तवरले मात्र खरिद गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६० **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ९ वडा मध्ये ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष सुचिकृत बेरोजगार व्यक्तिहरु २६७ मध्ये ११० जनालाई औसत ५५.४ दिनले ६०९५ दिन रोजगारी उपलव्ध गराई रु ४०७१४५७.५६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **लघु उद्यम कार्यक्रम**

गरिवी निवारण निर्देशिका २०७७ को बंदा नं. ३० मा उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, प्रविधिको हस्तान्तरणको स्थलगत अध्ययन गरी तथ्याङ्क तयार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाबाट लघु उद्यम कार्यक्रमको लागि रु.१४२०३८२ बजेट खर्च भएको छ। तालिम संचालन पश्चात उद्यम सञ्चालन गरे नगरेको तालिममा सिकेको सीपको सदुपयोग आय आर्जन गरे नगरेको तथ्याङ्ग तयार गर्नुपर्ने साथै प्रविधि हस्तान्तरण गरेपछि प्रविधिको सदुपयोग भए नभएको तथ्याङ्क तयार गर्नुपर्नेमा तयार गरेको छैन। यस्तै गरिवी निवारण निर्देशिका, २०७७ को बुंदा नं. ३१ मा उद्यमशीलता विकार्नु तालिम, सीप विकास तालिम गरेका, प्रविधिको हस्तान्तरण गरेका स्रोत साधनको अभावको कारणले उद्यमीहरुले उद्यम सचालन गर्न आंशिक सहयोग गर्नु पर्दछ भन्ने व्यवस्था भएपनि यस बमोजिम कुनै काम भएको छैन। यसर्थ लघु उद्यमबाट नयाँ उद्यमीको विकास र नयाँ उद्यमहरुको सृजना भएको छ भन्ने यकिन हुने गरी तथ्याङ्क तयार हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **प्रतिवेदक भत्ता**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ को अनुसुची ११(१५) मा तालिम प्रतिवेदकका पारिश्रमिकको लागी (एकमुष्ट) १००० मात्र दिने व्यवस्था छ। लघु उधम विकासतर्फ विभिन्न तालिम तथा कार्यक्रमको प्रतिवेदन तयार गरेवापत मेडपा सम्पर्क व्यक्ति श्री संजीव कुमार यादबलाई कार्यक्रमको वडावाइज नै करकट्टी सहित प्रति प्रतिवेदन रु.२०००, रु.२५०० र रु.३००० का दरले देहायबमोजिम कार्यविधिभन्दा बढी दरले भुक्तानी भएकोले निजबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु..

| गो. भौ . नं ./ मिति | कार्यक्रमको नाम | प्रतिवेदन संख्या | भुक्तानी भएको | हुनुपर्ने | बढी |
|---|---|---|---|---|---|
| ४८०/ २०८२।३।२० | प्राविधिक सीप विकास तालिम | ३ | ७६५० | ३००० | ४६५० |
| १९०/ २०८२।३।२० | वित्तिय सेवामा पहुँच कार्यक्रम | ३ | ६३७५ | ३००० | ३३७५ |
| १९२/ २०८२।३।२० | नयाँ लघु उधमी सिर्जनातर्फ बजारीकरणमा सहयोग कार्यक्रम | ३ | ६३७५ | ३००० | ३३७५ |
| १९२/ २०८२।३।२० | उधमीहरुको पुनर्ताजगी तरकारी तालिम | २ | ३४०० | २००० | १४०० |
| जम्मा | | | | | १२८०० |

| असुल गर्नुपर्ने | १२,८०० |
|---|---|

### ६३ मसिना तथा बास्नादार धान प्रवर्धन कार्यक्रम

नगरपालिकाले ५० प्रतिशत अनुदानमा मसिना तथा बास्नादार धानका बिउ अन्तर्गत ललका बास्मती, सुधोदन काला नमक, साँवा मन्सूली, हर्दिनाथ-१ र ६ जस्ता धानको बिउ र रोग तथा किरा, झारपात नाशक विषादीहरू दुईवटा सप्लायर्सहरूबाट रू.१५,२०,००० मा खरिद गरी वितरण भुक्तानी दिएको छ। यसको लागि पालिकाले लाभग्राही छनौटको आधार, वितरणको लागत अनुमान, सप्लायर्ससँगको सम्झौता केहि पनि नगरी देहायका दुईवटा छुट्टा छुट्टै सप्लायर्सबाट खरिद गरेको बिजक पेश गरी खर्च लेखेको छ। पालिकाले धानको बिउको विरतण भरपाई पेश गरेपनि किटनाश औषधि वितरणको भरपाई पेश गरेको छैन। पालिकाले बिउ र किटनाशक विषादीको एकमुष्ट लागत अनुमान तयार नगरी एउटै कार्यक्रमलाई टुक्रा पारी खरिद गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ अनुसार नियमसम्मत मान्न नसकिएको रू....

| भौ.नं.।मिति | सप्लायर्सको नाम | पान नम्बर | खरिद रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ०८२।३।२० | कृषक रसायनिक खाद्य बीज भण्डार | ३००६४४१८८ | ९००००० | ४५०००० |
| १७९-०८२।३।२० | मनोज बीज भण्डार | ३०१०८०३६३ | ६२०००० | ३१०००० |
| | जम्मा रकम | | १५२०००० | ७६०००० |

| अनियमित भएको | १५,२०,००० |
|---|---|

### ६४ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनोट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।नमुना छनोटको आधारमा परीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट रु.२५०७५४१ भुक्तानी दिएको पाइयो । यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।

| भौ.नं. र मिति | वापत | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ५-२०८१।७।११ | कृष्ण जन्माष्टमी भएको खर्च | राम कुमार साह | ९२८५० |
| १०-२०८१।८।२ | ढुंगा मर्मत | जोगी सहनी | १००००० |
| २१-२०८१।८।२० | इन्धन | असलम आ यल स्टोर | ९५२२२९ |
| २२-२०८१।८।२७ | छट घाट निर्माणको लागि टेन्ट खरिद | जय शिवशंकर टेन्ट | ७९५२० |
| २३-२०८१।८।२७ | दुर्गा पूजामा भएको खर्च | जय शिवशंकर टेन्ट | ९८९८० |
| १०६-२०८२।२।८ | सूचना प्रकासन | विभिन्न ४ मिडिया सेन्टर | ९४००० |
| १११-२०८२।२।१२ | ,, | मधेश लाई फ मिडिया | ४२९४० |
| ११५-२०८२।२।१४ | गाडी मर्मत | इन्टर प्राइजेज तथा मोटर पार्ट | ९८३३१ |
| १८०-२०८२।३।११ | तिहारमा वत्ति जडान | शुभम् आ इटी सोलुसन | ९४८६९१ |
| जम्मा | | | २५०७५४१ |

सैद्धान्तिक बेरुजु

६५ **कार्यक्रम फरक पारेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३८ उपनियम २ (क) अनुसार स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको बजेट खर्च गर्नु पर्दछ । पालिकाले देहाय अनुसार कार्यक्रमबाट रू. ११६१०४४५.७५ खर्च गरेको पाइयो । यसरी खर्च गर्दा तोकिएका योजनाहरूको कार्य नहुने, खर्चको प्रभावकारित नहुने र बजेटद्वारा खर्च नियन्त्रण समेत नहुने हुँदा यस्तो खर्च गर्ने परिमापटीमा सुधार गर्नु पर्दछ । खर्च शीर्षक फरक पारी खर्च गरेको अनियमित देखिएको रू.

| भौ.नं. मिति | भुक्तानी दिएको शीर्षक | वापत | रकम |
|---|---|---|---|
| १२-२०८१।८।२ | प्रशासनिक भवन निर्माण | स्टेशनरी खरिद | ९९६०९५ |
| १३-२०८१।८।२ | ,, | मसलन्द तथा कार्यालय सामग्री खरिद | ४३३६३७ |
| २८-२०८१।९।२४ | लागत साझेदारी समपुरक कोष | गाडी मर्मत | १३९२७५ |
| २९-२०८१।९।२५ | लागत साझेदारी समपुरक कोष | दैनिक भ्रमण भत्ता | १९८६०० |
| ३०-२०८१।९।२५ | लागत साझेदारी समपुरक कोष | इन्धन | ९५९५५७.७५ |
| ३२-२०८१।१०।७ | श्री मा.वि. मनपुरको अधुरो भवन निर्माण | मर्मत | ९७२६२ |
| ३५-२०८१।१०।१० | लागत साझेदारी समपुरक कोष | ल्यापटप खरिद | ९९६६६० |
| ३७-२०८१।१०।१४ | लागत साझेदारी समपुरक कोष | खेलकुद सामग्री खरिद | ६४६६४८ |
| ४०-२०८१।१०।१५ | ,, | मोटर साइकल मर्मत | ५०१९०० |
| ४९-२०८१।१०।२९ | ,, | ६ जनालाई मस्टरोलबाट ज्याला भुक्तानी | ८५८६०० |
| ९१-२०८२।१।२२ | अन्य सार्वजनिक निर्माण | अफिस फर्निचर, पर्दा कार्पेट | ९२८२०४ |
| १५१-२०८२।२।३० | श्री मा.वि. मधोपुरको ४ कोठे भवन निर्माण | इन्धन | १२२००० |
| ११७-२०८२।२।१५ | लागत साझेदारी समपुरक कोष | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | २५४६२० |
| ११९-२०८२।२।१५ | ,, | बैशाख महिनाको ३ जनाको पारिश्रमिक | ११८६०० |
| १२१-२०८१।२।१५ | | सवारी मर्मत | ४९५३०६ |
| २३६-२०८२।३।२२ | सडकमा माटो राख्ने कार्य | दैनिक भ्रमण भत्ता | १०१०० |
| १८२-२०८२।३।२२ | अधुरो भुइया महाराज मन्दिरको निर्माण | खाजा, खाना | ६४७०० |
| १७५-२०८२।३।९ | श्री मा.वि. मानपुरको अधुरो भवन | इन्सुरेन्स (गाडी, मोटरसाइकल | ३७२२९० |
| २५७-२०८२।३।२४ | माधोपुर बजार पोखरी सौन्दर्यीकरण | सूचना प्रवाह | ५०००० |

| | | | |
|---|---|---|---|
| २८६-२०८२।३। २५ | संघीय समपुरक कोष सडक वोर्ड | लागु पदार्थ न्यूनीकरण सम्बन्धी ५ दिने तालिम | ४९४५०० |
| २८८-२०८२।३। २५ | ,, | सामाजिक कुरिती तथा दाइजो न्यूनीकरण सम्बन्धी ३ दिने जनचेतना तालिम | ४९८४०० |
| २७८-२०८२।३। २५ | ,, | बालमेला कार्यक्रम | ४९९९८५ |
| २७४-२०८२।३। २५ | ,, | स्वास्थ्य संस्थाको लागि सर्जिकल सामग्री खरिद | ३०६७७५ |
| २७३-२०८२।३। २४ | ,, | नयाँ ढुंगा निर्माण | ९००१६० |
| २७२-२०८२।३। २४ | ,, | राजस्वको सुत्र सम्बन्धी वडा सिचवलाई तालिम | १६८३५० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | |
| ७१-२०८२।३। २४ | स्वास्थ्य चौकी तथा ट्रमा सेन्टर निर्माण | विभिन्न इलेकट्रोनिक सामान खरिद | ४९८२२१ |
| जम्मा | | | ११६१०४४५.७५ |
| | | अनियमित भएको | १,१६,१०,४४५ |

६६ **पोषण संवेदनशील कार्यक्रम**

महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ मा स्थानीय तहमा महिला सहकारी तथा समूहमा आयमुलक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ। यसको बुँदा नं. ४ मा बहुक्षेत्रीय पोषण कार्यक्रमको सञ्चालन अन्तर्गत महिला सहकारी वा महिला समूह छनोट गरी व्यवसाय सञ्चालन मार्फत आय आर्जन बढाउने उद्वेश्य रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाले सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आय आर्जन कार्यक्रम सञ्चालन गरी श्री आनन्द महिला कृषि सहकारी प्रा.लि.सँग सम्झौता गरी सहकारीका २५ जना सदस्यलाई जनही रु.२५००० का दरले भौ.नं.२६५-०८२।३। २४ बाट रू.६,२५,००० भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहायनुसार छन्-

- कार्यविधिको बुँदा नं. ५ मा अनुदान वित्तरण कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहले पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेमा पालिकाले सो नगरी दुईवटा सहकारीलाई सोझै छनोट गरी एकले गर्न नमानेर अर्कोबाट सम्झौता गरी कार्यक्रम गरेको छ ।
- बुँदा नं. ७(२) अनुसार महिला लाभग्राही समुह वा सहकारी छनोट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समुहलाई प्राथमिकता दिनुपर्ने भनिएकोमा पालिकाद्वारा छनोट गरिएको श्री आनन्द महिला कृषि सहकारी प्रा.लि. ले हालसम्म सरकारी अनुदान प्राप्त गरेको वा नगरेको कुनै जाँचबिना नै अनुदान दिएको छ।
- बुँदा नं. १० बमोजिम अनुदानका लागि छनोट भएका महिला सहकारी वा समूहले अनुसूची-३ बमोजिमका विषयमा बहुक्षेत्रीय पोषण योजना दोश्रो अन्तर्गतका स्वयमसेवक वा सम्बन्धित विज्ञ मार्फत तालिम दिनुपर्नेमा सो नभएको साथै अनुसूची ४ बमोजिमको व्यवसायिक योजना बनाउनुपर्नेमा नबनाएको अवस्था छ।
- बुँदा नं. १५ अनुसार स्थानीय तहले अनुदान प्राप्त सहकारी वा समूहको अनुगमन गर्नुपर्ने र दफा १६ अनुसार सहकारीले अनुदान परिचालनको अवस्थाको बारेमा अर्धबार्षिक र वार्षिक रुपमा अनुसूची ५ बामोजिमको ढाँचामा स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्नेमा कुनै प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम भए नभएको सम्बन्धमा यकिन नभएकोले पालिकाले यस कार्यक्रमको स्थलगत अनुगमन गरी नियमानुसार कार्यक्रम भए नभएको यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६७ **उपभोक्ता समितिले बीमा नगराएको**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ को उप-नियम ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रू. २० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा सम्झौता रकममा वीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले देहायका रू.२० लाख भन्दा बढीको योजनाहरू उपभोक्ता समितिबाट सम्पन्न गराएकोमा नियमानुसार वीमा गराएको छैन। तसर्थ, पालिकाले उल्लेखित नियमानुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा अनिवार्य बीमा गराई सुरक्षित विकास निर्माण कार्य सञ्चालन तर्फ ध्यान दिनुपर्दछ। नमुना छनौटका आधारमा स्रेस्ता परीक्षण गर्दा देखिएका यस्ता योजनाहरूका केही उदाहरण यस प्रकार छनः

| भौ.नं.।मिति | उ.स.को नाम/ कामको विवरण | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| ९-०८२।३।१८ | कृषि विद्युतिकरण तथा बोरिङ्ग जडान कार्य वडा नं.६ | ३७७२९२३ | प्रदेश सशर्त पूँजिगत |
| ११-०८२।३।२३ | कृषि विद्युतिकरण कार्य वडा नं.७,८,९ को विभिन्न ठाउँमा विद्युतिकरण तथा बोरिङ्ग जडान | ३७७६९९६ | प्रदेश सशर्त पूँजिगत |
| १६-०८२।३।२४ | कृषक प्रगति उपभोक्ता समित स्यालो ट्यबेल जडान | २९१०००० | प्रदेश विशेष पूँजिगत |
| ८-०८१।११।२० | मूल सडक ढलान उपभोक्ता समिति नपा-१ | ३२३३६८१ | संघीय सशर्त पूँजिगत |
| २१-०८२।२।१२ | श्री प्रा.वि. रजवाडा देखि गढो जाने बाटो ढलान नपा-८ | २६९५०५९ | संघीय सशर्त पूँजिगत |
| २७-०८२।२।२९ | राधाकृष्ण मावि देखि मावि देखि विशुनपूर्वा जाने बाटो पिसिसि ढलान कार्य नपा-५ मिठुआवा | २६९८६९० | संघीय सशर्त पूँजिगत |

सैद्धान्तिक बेरुजु

६८ **कृषि बोरिङ्ग**

नगरपालिकाले वडा नं.६ मा कृषि विद्युतिकरण तथा बोरिङ्ग जडान गरी प्रदेश सशर्त पूँजिगतको भौ.नं.९-०८२।३।१८ बाट रू.३३,९५,००० भुक्तानी दिएको छ। पालिकाले दर विश्लेषण नगरीकण ०-२० मिटरसम्म बोरिङ्ग कार्यको लागि प्रति मिटर रू.१०१६.८ का दरले कुल १४३७.३ मिटरका लागि रू.१४६१४४७ भुक्तानी दिएको छ। सोहि कार्यको लागि पालिकाले वडा नं.७,८ र ९ मा प्रति मिटर रू.५३४.८ का दरले भुक्तानी दिएको छ।अतः पालिकाले एउटै कार्यको लागि फरक फरक दरबाट भुक्तानी दिएकोले प्राविधिकले प्रचलित नर्म्सअनुसार दर विश्लेषण नगरी छुट्टा छुट्टै दरबाट भुक्तानी दिएको छ। तर्सथ, वडा नं. ६ मा भएको कृषि बोरिङ्ग जडानमा पालिकाले प्रति मिटर रू.४९२ का दरले १४३७.३ मिटरका लागि दिएको ९० प्रतिशतले हुने बढी भुक्तानी रू.६,३६,४३६ प्राविधिकलाई जिम्मेवार बनाई कृषि विद्युतिकरण तथा बोरिङ्ग जडान कार्य उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू...

| असुल गर्नुपर्ने | ६,३६,४३६ |
|---|---|

६९ **योजना अनुगमन**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६ को उप-दफा ४(ख-५) अनुसार नगरपालिका उप-प्रमुखले वार्षिक स्वीकृत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सम्पन्न गरेका कुनै पनि योजनाका अनुगमन गरी कार्यप्रगति सम्बन्धी प्रतिवेदन पेश गरेको छैन। साथै पालिकाले संघ र प्रदेशबाट प्राप्त सशर्त, विशेष र समपुरकका योजनाहरूको समेत अनुगमन सुपरिवेक्षण गरेको पाइएन् जसबाट योजना तोकिएको समय, परिमाण र गुणस्तरमा सञ्चालन भएकोमा यकिन हुन सकेन। पालिकाले नियमानुसार कानूनले तोकेको पदाधिकारी सम्मिलित गराई अनुगमन समिति मार्फत योजनाको अनुगमन र सोको प्रतिवेदन पेश गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ। यो वर्ष पालिकाले सञ्चालन गरेका केहि योजनाका उदाहरणहरू यस प्रकार छनः

| भौ.नं.।मिति | योजनाको नाम | लागत रकम | कैफियत |
|---|---|---|---|
| ९-०८२।३। १८ | कृषि विद्युतिकरण तथा बोरिङ्ग जडान कार्य वडा नं.६ | ३७७२९२३ | प्रदेश सरकार सशर्त अनुदान |
| ११-०८२।३। २३ | कृषि विद्युतिकरण कार्य वडा नं.७,८,९ को विभिन्न ठाउँमा विद्युतिकरण तथा बोरिङ्ग जडान | ३७७६९९६ | १५४ जनाको खेतमा बोरिङ्ग जडानको भुक्तानी |
| १६-०८२।३। २४ | कृषक प्रगति उपभोक्ता समित स्यालो ट्यबेल जडान | २९१०००० | प्रदेश विशेष पूँजिगत |
| ८-०८१।११। २० | मूल सडक ढलान उपभोक्ता समिति नपा-१ | ३२३३६८१ | संघीय सशर्त पूँजिगत |
| २१-०८२।२। १२ | श्री प्रा.वि. रजवाडा देखि गढो जाने बाटो ढलान नपा-८ | २६९५०५९ | संघीय सशर्त पूँजिगत |
| २७-०८२।२। २९ | राधाकृष्ण मावि देखि मावि देखि विशुनपूर्वा जाने बाटो पिसिसि ढलान कार्य नपा-५ मिठुआवा | २६९८६९० | संघीय सशर्त पूँजिगत |

सैद्धान्तिक बेरुजु

७० **सामान खरिदमा गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११५ अनुसार सार्वजनिक निकायलाई प्राप्त हुने मालसामान तोकिएको स्पेसिफिकेशन तथा गुणस्तर अनुसार भए नभएको गुणस्तर निरीक्षण समितिले निरीक्षण वा परीक्षण गर्नुपर्ने तथा सो को प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले टुक्रे खरिद गर्दा अधिकांशमा स्पेसिफिकेशन नखुलाई खरिद गरेको तथा स्पेसिफिकेशन तथा गुणस्तर परीक्षण गरेको देखिएन । स्पेसिफिकेशन स्पष्ट खुलाउने तथा स्पेसिफिकेशन तथा गुणस्तर परीक्षण गराउनेतर्फ प्रतिष्ठानले ध्यान दिएको समेत पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७१ **ठेक्का व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट ठेक्का विवरण तथा सम्झौताको विवरण लेखापरीक्षणको क्रममा पेश नगरेकोले यस सम्बन्धमा विश्लेषण गर्न सक्ने अवस्था छैन । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त ठेक्का तथा सम्झौताको अभिलेख अध्यावधिक राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७२ **ठेक्काको विवरण**

निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरूलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरूलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरू, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरू नियम बमोजिम क्रमबद्ध नराखेको, ठेक्का मूल्याँकन सम्झौता र सो सम्बन्धी कागजात अन्तिम विल भुक्तानीको गोश्वारा भौचरसँग राख्ने गरेकोले लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरू प्राप्त हुन नसकी ठेक्का सम्बन्धी फाईल पूर्णत विश्लेशण गर्न सकिएन । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरू सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७४ **उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न समितिसँग सम्झौता गरी रु. ७ करोड ९१ लाख ९१ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७५ **बीजक भन्दा बढी मूल्यांकन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपा्इ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ। उपभोक्ताले यसरी पेश गरेका वील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । पालिकाले देहाय अनुसारका उपभोक्तालाई फलामे डण्डी प्रयोग गरी निर्माण हुने संरचनामा डण्डीको जिल्ला दररेट रू. १२९.९५ (मू.अ.कर समेत) मूल्य कामय गरी दर विश्लेषण अनुसारकै मूल्यमा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । देहाय अनुसारका उपभोक्ता समितिहरूले पेश गरेको विजक भन्दा बढी मूल्यांकन गरी थप व्ययभार पारेको पाइयो । प्राविधिकले गरेको नापी अनुसार प्रयोग गरेको परिमाण अनुसार खरिद परिमाण र मूल्यांकनमा देहाय अनुसार बढी भएको असुल गर्नु पर्ने रु

| भौ.नं. मिति | उपभोक्ता समितिको नाम | काम | परिमाण | खरिद मूल्य | बढी दर | बढी मूल्यांकन |
|---|---|---|---|---|---|---|
| ३१-२०८१।१०।२४ | श्री मा.वि मानपुरको अधुरो भवन | डण्डी | ८६६९.१८ केजी | ९१.५३ | ३८.४२ | ३३३०७० |
| ९४-२०८२।१।५ | प्रा.वि पिपरा रजवडा भवन निर्माण उ.स. | ,, | १३४५७ के.जी. | ९४.५७ | ३२.३७ | ४३५६६३ |
| ८०-२०८२।१।१० | ओमशान्ति भवन निर्माण समिति गरूडा | ,, | २०४८ केजी | ८५.९९ | ४३.९८ | ९००८५ |
| १३६-२०८२।२।२३ | कृषि कुलो निर्माण उस | ,, | २१३२.७२ केजी | ९९.४४ | ३०.५१ | ६५०६९ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | | |
| ५६-२०८२।३।२६ | महादेव स्थानदेखि जेठरिया जाने बाटो ढलान | ,, | ४५४५.४० केजी | ९४.९२ | ३५.०३ | १५९२२५ |
| ५८-२०८२।३।२४ | मिठुअवा देखि विशुनपूर्वा जाने सडक स्तरोन्नति | ,, | ४९९४ केजी | ९४.९२ | ३५.०३ | १७४९४० |
| ६४-२०८२।३।२४ | बैजनाथ ...बाटो ढलान वार्ड नं. २ | ,, | ३८९६ केजी | ९७.१८ | ३२.७७ | ५०६१८८ |
| १२८-२०८२।२।२० | मा.वि.माधोपुरको ४ कोठे भवन | ,, | १४९३१.५८ केजी | १०० | २९.९५ | ४७७२०० |
| सडक बोर्ड नेपाल | | | | | | |
| ९-२०८२।३।२५ | सडक ढलान उस मानपा ९ | ,, | ३९५४.३२ केजी | १०२.२६ | २७.६८ | १०९४७५ |
| | | | | | असुल गर्नुपर्ने | २३,५०,९१५ |

७६ **मसलन्द खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ ।पालिकाले खरिद योजना नबनाई देहाय अनुसारका सप्लयर्सबाट मसलन्द सामग्री खरिद गरी भुक्तानी दिएको छ। पालिकाले खरिद योजना नबनाउँदा वर्षभरिमा कति मसलन्द तथा स्टेशनरी सामग्रीको आवश्यकता रहेको र कति खरिद गर्ने कुरामा पालिका आश्वस्त नभएकोले मसलन्दको लागि छुट्याएको बजेटका साथै अन्य शीर्षकबाट पनि मसलन्द खरिदमा खर्च गरेको देखिन्छ। तसर्थ, नमुना छनौटका आधारमा देखिएका देहायका मसलन्द खर्चको पालिकाले यथार्थ खरिद योजना तथा आवस्यकताको समेत पहिचान गरी खरिद गर्नु पर्दछ । केहि उदाहरणहरू यस प्रकार छनः

| भौ.नं.।मिति | सप्लायर्सको नाम | पान नम्बर | रकम | कैफियत |
|---|---|---|---|---|
| २६८-०८१। १२।२७ | बिसिका जेनरल सप्लायर्स | ६१९२०५७९७ | ९१४४९७ | कम्प्युटर मर्मत,रिफिल, स्टेपलर,इन्भर्टर रिपेयर लगायतका खरिद बिल |
| २५५-०८१। १२।१७ | न्यू बजरंग इम्पोरियम | ६०५७८२११० | ७३८१७२ | गम्छा खादा दोशाला सोफा खोल तकिया तन्ना लगायतका सामान मसलन्दबाट |
| ३१४-०८२।१। २८ | न्यू इलेक्ट्रोनिक प्लाजा | ६०२५८६०५६ | ४४३४०० | रजिष्टर नं.२,५, नोटबुक, बलपेन, डायरी, टोनर र हिटर जस्ता सामान खरिद |
| २९९-०८२।१। २० | शान्ति अर्डर जेनरल सप्लायर्स | ३०३९९६२३ | ६६६५०८ | पेपर वेट,पाइलट पेन, कार्बन पेपर लगायतका सामान खरिद |
| २९७-०८२।१। २० | माँ बैष्णो जेनरल अर्डर सप्लायर्स | ६२०२२३६३२ | ९८६८२९ | परीक्षा कपी र प्रश्नपत्र खरिद |
| ४५८-०८२।३। १८ | खुशी जेनरल सप्लयार्स | ६१०८५५५२६ | ९५८१८२ | रेकेड फाइल, ए4 पेपर, रिजष्टर, रजिष्टर, झारु, पाइलट पेन बलपेन जस्ता सामान |
| ४४३-०८२।३। १७ | खुशी जेनरल सप्लयार्स | ६१०८५५५२६ | ९६९७५५ | हर्पिक झारु फिनेल मार्कर रेकर्ड फाइल साधारण पेन स्टेपलर मेशिन लगायत |
| २८२-०८२।१। ८ | खुशी जेनरल सप्लयार्स | ६१०८५५५२६ | ८९३५०१ | रेकेड फाइल, ए4 पेपर, रिजष्टर, रजिष्टर, कार्टेज,झारु,माउस पाइलट पेन बलपेन जस्ता सामान |

सैद्धान्तिक बेरुजु

७७ **१५ शैयाको अस्पताल भवन निर्माण**

७७.१ **न्युन प्रगतिः** माधवनाराण नगरपालिकामा निर्माण हुने १५ शैयाको अस्पताल भवन निर्माण कार्यको लागि आ. व. २०७७।७८ मा ठेक्का व्यवस्थापन भई खड्का सगुन जे.भी.ले कवोल गरेको रु १२४६३८३२६ (मूल्य अभिवृद्धी कर समेतमा ठेक्का सम्झौता भएको छ । सम्झौता मितिले १२ महिना (आ.व. २०७८।७९ असार मसान्त भित्र) भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८ असार १७ गते सम्झौता भएकोमा आ.व. २०८१।८२ सम्म रू. ३८७२२७११.०३ भुक्तानी भएको छ । सम्झौता वमोजिम समयावधि समाप्त भैसकेको र कार्यपालिकाको निर्णय बमोजिम २०८१/३/३२ सम्म म्याद थप भएकोमा सो म्याद समेत समाप्त भइ दोस्रो पटक २०८२ असार सम्म म्याद थप भए पनि निर्माण कार्यको भौतिक प्रगति न्युन रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७७.२ **खरिद सम्झौता अनुसार कार्यसम्पन्न नगरेको** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) अनुसार सम्झौता गर्नेले काम सुरु गरी बिचैमा छाडेमा, वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सम्झौता अन्त्य गरी दफा ५९ (८) अनुसार त्यस्तो कामको लागि राखिएको पुरै जमानत जफत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (११) अनुसार त्यसरी काम नगरेको कारणबाट हुन गएको हानी नोक्सानी निजबाट असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही गर्नुपर्ने समेत व्यवस्था रहेको छ । खड्का सगुन जे.भी.ले कार्यसम्पन्न गर्नुपर्ने अवधिसम्म रु. ३८७२२७११.०३ अर्थात ३१.०६% मात्र कार्य गरी चौथो रनिङ बिल पेश गरेकोमा कार्यालयको भनाई अनुसार निर्माण व्यवसायीले २०८२ असार मसान्तमा थप भएको म्याद समाप्त भए पनि उक्त फर्मबाट म्याद थपको लागि निवेदन पेश गरेको देखिएन । सम्झौता अनुसार कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार जमानत जफत गरी हानीनोक्सानी समेत असुल गरी प्रचलित कानून अनुसार कारबाही प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७७.३ **मोबिलाइजेसन पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायिले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारणले पेश्की फस्र्यौट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नु पर्ने र निजवाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशतले ब्याज समेत असुलउपर गर्नु पर्ने व्यवास्था छ । पालिकाले मोबिलाइजेसन पेश्की बापत २०७८/३/२९ मा भौचर नम्बर ८ बाट रू. ७८५३४९२ पेश्की दिएकोमा पेश्की फछ्र्योट गर्न बाँकी रहेको पेश्की नियमानुसार निर्माण ब्यवसायीबाट असुल गरी सन्चित कोष गर्नु पर्ने भनी गत वर्षको प्रतिवेदनमा बेरूजू लेखिएको भए पनि हाल सम्म सो पेश्की असुल उपर भएको छैन । नियमको पालना हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ७८ गत आ.व.को तलब भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ।नगरपालिकाले १९ वटा सामुदायिक विद्यालयमा कार्यरत बालबिकास, लेखा सहायक र कार्यालय सहयोगीलाई आर्थिक वर्ष २०८०।८१ को चौथौ त्रैमासिकको तलब भत्ता वापत भौ.नं.१५-०८१।६।२२ बाट रू.११,८६,५०० भुक्तानी दिएको छ।पालिकाले उक्त भुक्तानी बाँकीको अभिलेख राखेको छैन साथै नगरल सभाबाट स्वीकृत गरेको भुक्तानी दिन बाँकीको प्रमाण समेत पेश नभएकोले भुक्तानी बाँकिको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रू...

| प्रमाण पेश नगरेको | ११,८६,५०० |
|---|---|

## ७९ कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०८१/८२ मा कन्टिन्जेन्सी कट्टा गरेको रकम र खर्च रकमको अभिलेख नराखेकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सक्ने अवस्था छैन । कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ८० डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| १ | कृषि तथा पशु प्राविधिक शिक्षालयको डीपीआर | एपोलो इन्जिनियरिङ एण्ड कम्पनी प्रा.लि. | १८९४०० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरू कार्यान्वयनमा गएको समेत देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ८१ एउटै सप्लायर्सबाट पटक-पटक खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उप-नियम १(ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट रू.१० लाख भन्दा बढिको निर्माण सामग्री वा मालसमाना खरिद गर्न नसकिने व्यवस्था छ।नमूना छनौटको आधारमा स्रेस्ता परीक्षण गर्दा पालिकाले देहायका सप्लायर्सहरूबाट संघीय सशर्त चालु र नगरपालिका चालु शिर्षकबाट पटक-पटक गरी रू.९३,४२,५७२ को मसलन्द तथा कार्यालय सामग्री खरिद गरी भुक्तानी दिएको नियमसम्मत नभएको रू.....

| भौ.नं.।मिति | सप्लायर्सको नाम | पान नम्बर | सामानको विवरण | रकम |
|---|---|---|---|---|
| संघीय सशर्त चालु | | | | |
| १९६-०८२।३।४ | खुशी जेनरल सप्लायर्स | ६१०८५५५२६ | रोजगार सेवा केन्द्रको लागि मसलन्द | ९९२१४ |
| नगरपालिका चालु | | | | |
| २८२-०८२।१।८ | खुशी जेनरल सप्लायर्स | ६१०८५५५२६ | मसलन्द तथा कार्यालय सामग्री | ८९३५०१ |
| ४४३-०८२।३।१७ | | | | ९६९७५५ |
| ४५८-०८२।३।१८ | | | | ९५८१४२ |
| | जम्मा खरिद | | | २९२०६२२ |
| २६१-०८१।१२।२५ | माँ बैष्णवी जेनरल सप्लायर्स | ६२०२२३६३२ | परीक्षा सञ्चालन | ९९७११२ |
| २६२-०८१।१२।२५ | | | मसलन्द तथा कार्यालय सामग्री | १४४३९८ |
| २९७-०८२।१।१० | | | परीक्षा सञ्चालन | ९८६८२९ |
| | जम्मा खरिद | | | २१२८३३९ |
| २९९-०८२।१।२० | शान्ति जेनरल अर्डर सप्लायर्स | ३०३९९९६२३ | मसलन्द तथा कार्यालय सामग्री | ६६६५०८ |
| ४८३-०८२।३।२१ | | | | ७२७२०३ |
| ५१९-०८२।३।२५ | | | साँस्कृतिक कार्यक्रम तथा सामग्री खरिद | २००००० |
| | जम्मा खरिद | | | १५९३७११ |
| ४७-०८१।७।१२ | इशान अटो सर्भिस सेन्टर | ६२१८१९६८३ | सवारी साधन मर्मत खर्च | २९७४१६ |
| ८३-०८१।८।२ | | | | २९१०४६ |
| २०३-०८१।१०।२३ | | | | ७३४०२५ |
| २७८-०८१।१२।३१ | | | | १०१५८७ |
| | जम्मा खरिद | | | १४२४०७४ |
| १३-०८१।६।१२ | न्यु बजरंग इम्पोरियम | ६०५७८२११० | खर्च सामग्री | ६७८०० |
| २५५-०८१।१२।१७ | | | मसलन्द तथा कार्यालय सामग्री | ७३८१७२ |
| ३६५-०८२।२।२० | | | ज्येष्ठ नागरिक सम्मान सामग्री | ४६९८५४ |
| | जम्मा खरिद | | | १२७५८२६ |
| | जम्मा सोझै खरिद रकम | | | ९३४२५७२ |

| अनियमित भएको | ९३,४२,५७२ |
|---|---|

८२ **प्राविधिक बील र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३ **सामाजिक सुरक्षा कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको एकीकृत आय व्यय विवरण अुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. १५ करोड ८८ लाख ७५ हजार निकासा गरेकोमा निकासा अनुसार खर्च देखाई आर्थिक विवरण पेश गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

८३.१ **सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था भएकोमा बैंकले सो विवरण पेश गरेको पाइएन। विवरण पेश नभएकोले बैंकमा के कति रकम बाँकी रहेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।पालिकाले बैंकसँग विवरण लिई निष्क्रिया खातामा रहेको यथार्थ रकम संघीय संचित कोष फिर्ता हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३.२ **अभिलेख राख्नुपर्ने :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन । यसमा सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८३.३ **एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीः** कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित

बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३.४ **विवरण पेश तथा समीक्षा र सार्वजनिक सुनुवाईः** कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

**यस पालिकाबाट गत आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसार देहाय अनुसारका लाभग्राही रहेको देखियो**

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर | २०८१।८१ मा रहेका लाभग्राहीको संख्या | २०८१।८२ मा रहेका लाभग्राहीको संख्या |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक 70 वर्ष माथि | ४००० | २२४७ | २२१८ |
| २ | ज्येष्ठ नागरिक दलित | २६६० | १४९ | १६३ |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | २६६० | ८१ | ७९ |
| ४ | विधवा (आर्थिक सहायता) | २६६० | ३९३ | ४२२ |
| ५ | पूर्ण अपाङ्ग | ३९९० | ८३ | ९३ |
| ६ | अति अशक्त अपाङ्ग | २१२८ | १८६ | १९५ |
| ७ | दलित बालवालिका | ५३२ | ९८१ | २९०३ |
| ८ | क्षेत्र तोकेको बालबालिका | ५३२ | २९९३ | ८३५ |

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा लाभग्राहीलाई रु. १५ करोड ८६ लाख १० हजार खर्च भएकोमा आ.व. २०८१।८२ मा रु. १५ करोड ८८ लाख ७५ हजार खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. २ लाख ७६ हजार वढी खर्च भएको छ ।

सैद्धान्तिक बेरुजु

८३.५ **बढी अवधिको सिफारिसः** समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १५(३) बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्नेछ र दफा २६ (३) बमोजिम एक आर्थिक बर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यू भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नमुना परीक्षणको रुपमा परीक्षण गर्दा बैंकले देहायको लाभग्राहीलाई मृत्यु भएको अवधि भन्दा बढी समयको भुक्तानी गरी अनियमित भएको देखियो । पालिकाले यस सम्बन्धमा यकिन गर्दै लगत कट्टाबाट फिर्ता आएका तथा निष्क्रिय खातामा रहेका सबै रकम फिर्ता माग गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रू....

| मृत्यु भएको लाभग्राहीहरुको नाम | मृत्यु मिति | वडा नं. | त्रैमासिक | भुक्तानी हुनुपर्ने रु. | भुक्तानी भएको रु. | लगत कट्टाबाट आउन बाँकी रु. |
|---|---|---|---|---|---|---|
| जाजुल मंसुरी | २०८१।०९।०५ | ५ | दोस्रो | ८५३३ | १२००० | ३४६७ |
| राजोपति देवी सुडीन | २०८१।०९।२७ | ५ | दोस्रो | ११६०० | १२००० | ४०० |
| लक्ष्मी देवी यादव | २०८१।०९।२५ | ३ | दोस्रो | ११३३३ | १२००० | ६६७ |
| जवाहर महरा | २०८१।०७।१९ | ३ | दोस्रो | १६८४ | ७९८० | ६२९६ |
| कलेश्वरी देवी तेलीनी | २०८१।०९।१७ | ७ | दोस्रो | १०२६६ | १२००० | १७३४ |
| रतिया देवी | २०८१।०८।२२ | १ | दोस्रो | ६९३३ | १२००० | ५०६७ |
| महेन्दर साह तेली | २०८१।०८।२९ | ५ | दोस्रो | ७८४७ | १२००० | ४१५३ |
| जम्मा | | | | ५८१९६ | ७९९८० | २१७८४ |

| असुल गर्नुपर्ने | २१,७८४ |
|---|---|

### ८४ जनप्रतिनिधिलाई दोहोरो भत्ता

मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा ४ (३) अनुसार यातायात सुविधा उपलब्ध गराइएको पदाधिकारी तथा सदस्यले सवारी साधन, इन्धन र मोबिल खर्च नपाउने उल्लेख छ। नगरपालिकाले देहायका वडाध्यक्षहरूलाई सवारीसाधन सुविधा उपलब्ध गराए पनि अनुसूची (ख) अनुसार मासिक रू.१० हजारका दरले यातायात भत्ता बुझ्दै आएकोमा देहायका वडाध्यक्षहरुबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रू...

| क्र.सं. | वडाध्यक्षको नाम | वडा नं. | वार्षिक रकम |
|---|---|---|---|
| १ | श्री निर्मला देवी रमन | नगर उप प्रमुख | १८०००० |
| २. | श्री शैलेन्द्र ब्याहुत | १ | १२०००० |
| ३. | श्री राम विश्वास प्रसाद साह | २ | १२०००० |
| ४. | श्री राजकुमार राय यादव | ३ | १२०००० |
| ५. | श्री रामदेनी मुखिया | ४ | १२०००० |
| ६. | श्री नरेन्द्र सहनी | ५ | १२०००० |
| ७. | श्री रामनरेश राय | ६ | १२०००० |
| ८. | श्री दिलिप कुमार यादव | ७ | १२०००० |
| ९. | श्री योगेन्द्र प्रसाद महतो | ८ | १२०००० |
| १०. | श्री राम किशोगर साह | ९ | १२०००० |
| | जम्मा रकम | | १२६०००० |

| असुल गर्नुपर्ने | १२,६०,००० |
|---|---|

### ८५ कार्यलाय प्रमुखलाई घरभाडा

नगरपालिकाले कानून नबनाई नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव लाई आवास सुविधाको लागि गौर नगरपालिका निवासी घरधनी राम सुन्दर प्रसाद यादवसँग सम्झौता गरी मासिक रु. २१००० घरभाडा दिने गरी वार्षिक रु.२५२००० भुक्तानी दिएकोले निजी प्रयोगको लागि आवास उपयोग गर्ने कार्यालय प्रमुखबाट असुल गर्नुपर्ने रू..

| असुल गर्नुपर्ने | २,५२,००० |
|---|---|

८६ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१-क२) अनुसार कम्पनीको आधिकारीक मर्मत वा सर्भिस सेन्टरबाट रू.५ लाखसम्मको मर्मतसम्भार सोझै गर्न सकिने व्यवस्था छ। नगरपालिकाले इशान अटो सर्भस सेन्टर बिरगंज (६२१८१९६८३) बाट सोझै खरिद गरी ना.१ झ.१६६७ नम्बरको गाडी मर्मत गराई नगरपालिका चालु भौ.नं.२०३-०८१।१०।२३ बाट रू.७,३४,०२५ र प्रदेश पूँजिगतको भौ.नं.६-०८२।३।३। बाट रू.१,९४,००० को सिप्रदी ट्रेडिङ्ग प्रा.लि. बाट मर्मत गरी जम्म रू.९,२८,०२५ भुक्तानी दिएको छ।गाडि मर्मत सम्भारको कार्य रू.५ लाख भन्दा बढी सोझै खरिद गरेको नियमसम्मत नभएको रू...

| अनियमित भएको | ९,२८,०२५ |
|---|---|

८७ **शीर्षक फरक**

नगरपालिकाले शिर्षक फरक पारी देहायका सामग्री खरिद गर्दा के प्रायोजनका लागि खरिद भएको हो नखुलेको साथै लागत कट्टा तथा वितरण र खर्चको प्रमाण पेश भएको छैन।तसर्थ, देहायका नियमविपरित फरक शिर्षकबाट खरिद भएकोलाई नियमित गरी खर्चको प्रमाण पेश गर्नुपर्ने रू...

| भौ.नं.।मिति | वास्तविक शिर्षक | खर्च भएको कार्य | रकम |
|---|---|---|---|
| २६८-०८१।१२।२७ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | मसलन्द सामग्री खरिद | ९१४४९६ |
| २६५-०८१।१२।१७ | मसलन्द तथा कार्यालय सामग्री | गम्छा, सोफा खोल, तकिया, कम्बल लगायतका सामग्री | ७३८१७२ |
| | जम्मा रकम | | १६५२६६८ |

| प्रमाण पेश नगरेको | १६,५२,६६८ |
|---|---|

८८ **प्रमाण पेश गर्नुपर्ने**

**३७-२०८१।१०।१४** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । लागत साझेदारी समपुरक कोषबाट मेयर कप २०८० को अनुज कुमार झालाई रू. ४६६३००। भुक्तानी गरेको छ । विगतको भुक्तानी दिन बाँकी रकम रू. ३७९१५९ को विजक समावेश गरी भुक्तानी दिएको खर्चको प्रमाण कागजात पेश गर्नु पर्ने रू.

| प्रमाण पेश नगरेको | ३,७९,१५९ |
|---|---|

८९ **करार कर्मचारीलाई संघीय सशर्तबाट भुक्तानी**

नगरपालिकाले पालिकाबाट नियुक्त करारका ४४ जना कर्मचारीहरुलाई चैत्र महिनाको तलब भत्ता संघीय सशर्त चालुको भौ.नं.६३-०८१।१२।२६ बाट रू.१६,४५,३०० भुक्तानी दिएको छ। नगरपालिकाले नियुक्त गरेका सहायक पाँचौ, सव-ईन्जिनियर, कम्प्युटर अपरेटर, गाडी चालक तथा कार्यालय सहयोगी जस्ता पदमा नियुक्त ४४ जनाको तलब भत्ता संघीय सशर्तबाट भुक्तानी दिएकोले उक्त रकम संघीय सरकारलाई सोधभर्ना गर्नुपर्ने रू...

| प्रमाण पेश नगरेको | १६,४५,३०० |
|---|---|

९० **मिडियालाई भुक्तानी**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ (क) को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको

आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन, २०७४ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। तर पालिकाले उक्त व्यवस्थाको परिपालना गरेको देखिएन। गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौले मिति २०७४/४/२३ को पत्रमा सरकारी बिज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको उल्लेख छ। गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा बिज्ञापनमा २० देखि ६० प्रतिशत सम्म छुट दिने गरेको देखिन्छ। पालिकाले सरकारी विज्ञापन प्रकाशन गर्दा सूचनाको साईज उल्लेख नगर्दा सानो साइजमा छपाई गरेपनि हुने विज्ञापन साइजमा ध्यान नदिएको, सूचना छपाई गर्न कार्यदिश नदिईएको, छुट प्रतिशत लिनको लागि सूचना प्रकाशन गरी दररेट कायम नगरेको र उल्लखित ब्यबस्था बमोजिम छुट दिएको देखिदैन । पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु २२४८४०८ खर्च गर्दा उक्त प्रावधानहरुको पालना गरेको देखिएन। पालिकाले यस तर्फ ध्यान दिनुपर्छ।

| भौ.नं. मिति | वापत | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ८६-२०८२।१।१८ | नगरपालिका गतिविधि प्रशारण | क्रिएटिभ ग्रुप अफ नेपाल | ४९१५५० |
| ८८-२०८२।१।१८ | न.पा. गतिविधि सम्बन्धी वृतचित्र निर्माण | रौतहट मिडिया प्रा.लि. | ९९४४०० |
| २९१-२०८२।३।२५ | वृतचित्र निर्माण गरी प्राइमटाइम टेलिभिजनबाट प्रशारण | मरून मडिया प्रा.लि. | २१२२०० |
| २८४-२०८२।३।२५ | वृतचित्र निर्माण | एस.के. मिडिया | २६४५०० |
| ४६-२०८२।३।२३ | सूचना प्रकाशन | आर.एन. एड्भरटाइजिङ | २८५७५८ |
| जम्मा | | | २२४८४०८ |

सैद्धान्तिक बेरुजु

## ९१ कर दस्तुर एवं आन्तरिक आय

९१.१ **स्थानीय तह राजस्व पोर्टलः** स्थानीय तहको राजस्व संकलन, लेखाङ्कन तथा प्रतिवेदनलाई व्यवस्थित तुल्याउने उद्देश्यले २०७९ माघमा सुत्र राजस्व मोड्युलको शुरुवात गरिएकोमा २०८० पौषदेखि सबै ७५३ स्थानीय तहको राजस्व खातामा अनलाइन माध्यमवाट राजस्व बुझाउन सकिने र करदाताले आफ्नो व्यक्तिगत एवं संस्थागत विवरणहरु अनलाइन रुपमा भरी पेश गर्न सक्ने गरी स्थानीय तह राजस्व पोर्टल संचालनमा आएको छ । मिति २०८१।०३।०१ देखि स्थानीय तहका राजस्व खाताहरु (ग.१.१ आन्तरिक राजस्व खाता र ग. ६.१ विभाज्य कोष खाता) मा राजस्व दाखिला गर्दा राजस्व दाखिला भौचरलाई अनिवार्य गरिएको छ । सो को कार्यान्वयनको लागि राजस्व दाखिला भौचर सहित SuTRA Revenue Module: Bank Interface मार्फत मात्र बैंकमा राजस्व दाखिला गर्नुपर्ने व्यवस्थाको लागि च.नं. १७० मिति २०८१/०२/१४ गते महालेखा नियन्त्रक कार्यालयबाट पत्राचार भएको छ । तर पालिकाले उक्त पोर्टल प्रयोगमा नल्याइ छुट्टै सांग्रीला सफ्टवेयर मार्फत राजस्व संकलन गरेको छ । उक्त सफ्टवेयरबाट आन्तरिक आय संकलन गरेको भए पनि कार्यालयले कारोवारको व्यामअप राखेको पाइएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । स्थानीय तह राजस्व पोर्टल संचालन ल्याई स्थानीय राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

९१.२ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | संकेत | राजस्व शीर्षक | अनुमान | प्राप्ती |
|---|---|---|---|---|
| १ | ११३१४ | भूमिकर/मालपोत | ६०३४९०१ | ० |
| २ | ११३१७ | वहाल कर | ५००००० | ४३३३५४ |
| ३ | ११६९१ | अन्य कर | ० | २२७१८८०.८६ |
| ४ | १४२२१ | न्यायिक दस्तुर | ५००००० | ० |
| ५ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २०००००० | ० |
| ६ | १४२४२ | नक्सापास दस्तुर | १०००००० | ० |
| ७ | १४२४३ | सिफारिश दस्तुर | ३०००००० | २००. |
| ८ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००० | ० |
| ९ | १४२४९ | अन्य दस्तुर | ० | ४७०३२ |
| १० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | ० |
| ११ | १४५११ | बीमा दावी प्राप्ति | ० | ६८५७९.४७ |
| १२ | १४५२९ | अन्य राजस्व | १०००००० | ७९६८५ |
| १३ | १४६११ | व्यवसाय कर | ५००००० | ० |
| १४ | १५१११ | बेरूजू | ० | ५८०० |
| जम्मा | | | १७०३४९०१ | २९०६३३१.३३ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९१.३ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड ७० लाख ३५ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. १ करोड १६ लाख ५८ हजार अर्थात अनुमान भन्दा ३१.५६ प्रतिशत कम आय प्राप्त गरेको छ ।

सैद्धान्तिक बेरुजु

९१.४ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४८११४३०२१.०८ | ११६५७५४६.३३ | २.४२ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९१.५ **राजस्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को रसिद ठेली बाँकी के कति छन यकीन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने कार्यको थालनी भए पनि सुत्रको राजस्व मोडल प्रयोगमा ल्याएको छैन । समयमा वडा स्तरमा वस्ने कर्मचारीलाई तालिम नदिएको कारण सुत्रको राजस्व मोडल प्रयोगमा नआएको कार्यालयको भनाई रहेको छ ।समयमा राजस्व दाखिला नगर्ने, नगदी रसिद र राजस्वको लागि सांग्रीला सफ्टवेयर समेत प्रयोग गर्ने, दुबैलाई समेटेर एकीकृत विवरणको लागि तोकिएको म.ले.प.फा.हरू नराख्नने गरेको कारण वास्तविक राजस्व रकम एकीन गर्न सक्ने अवस्था छैन । कार्यालयले आगामी दिनमा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्न विशेष ध्यान पुर्‍याउनु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

९२ **पालिकाबाट सम्पादन गर्नुपर्ने कार्य अन्य संस्था तथा सेवा परामर्शबाट सम्पादन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भौचरहरुबाट अन्य संस्था तथा परामर्शदाताहरुलाई भुक्तानी गरेको छ । कार्यक्रमको लागत अनुमान तयार नगरी सम्झौता गर्ने तथा तालिममा सहभागी लाभग्राहीहरुको छनोटको आधार समेत पेश नभएको र पालिकाको विषयगत शाखामा कर्मचारी हुँदा समेत गैर सरकारी संस्थाबाट रु. ३६१९५५०। रकमको कार्य गैर सरकारी संस्थाबाट गरेको छ। यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ। केही उदाहरणहरु निम्नानुसार रहेको छः

| भौ.नं. मिति | क्रियाकलाप | संचालन गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| ४१-२०८१।१०।२५ | जनचेतना मूलक तालिम | नागरिक जनचेतना केन्द्र | ४९७४०० |
| ४६-२०८१।१०।२६ | महिला अधिकार सम्बन्धी तालिम | सूचाना प्रविधि तथा समाज कल्याण केन्द्र | २९९५०० |
| ८४-२०८१।१०।२९ | बेमौषमी तरकारी खेती तालिम | ग्रामीण विकासका लागि जनक्रिया शीतलता केन्द्र | ५००००० |
| ८५-२०८२।१।१७ | महिला हिंसा न्यूनीकरण सम्बन्धी जनचेताना मूलक तालिम | महिला उत्थान केन्द्र | ३९८४५० |
| ८६-२०८२।१।१८ | पोषण शिक्षा सम्बन्धी चनचेतनामूलक तालिम | सर्वनाम नाट्य परिषद् | ३९८५०० |
| ९५-२०८२।१।२५ | महिला हिंसा विरूद्ध ५ दिने तालिम | दलित महिला तथा बालबालिका केन्द्र | ४९९५०० |
| १०१-२०८२।२।६ | उन्नत जातको तरकारी खेती सम्बन्धी तालिम | विश्वकर्मा कृषि सहकारी संस्था | ५८६२०० |
| २९३-२०८२।३।२५ | साइवर अपराध तालिम | तिलठिया सांस्कृतिक संस्था | ४४०००० |
| जम्मा | | | ३६१९५५० |

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

९३ अनुगमन तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रु. ४७ करोड ३७ लाख ७७ हजार रहेको छ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **माधव नारायण नगरपालिका, रौतहट** को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ४७३७७७०९२ | ० | ६१५८०३५७ | ० | 5३५३५७४४९ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : माधव नारायण नगरपालिका, रौतहट , रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्रीदेव यादव | २०८०-१०-२४ | २०८१-११-१८ |
| कार्यालय प्रमुख | नागेन्द्र राय यादव | २०८१-११-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Santosh Prasad Kushwaha | २०८०-७-१ | २०८१-०६-२३ |
| लेखा प्रमुख | रेणु यादव | २०८१-०६-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,१९१,५३५ | २५,४३४,१३८ | २५,५१५,३३४ | ० | ० | २,४३९,३५० |
| | | | | **जम्मा बेरुजु रकम** | ६१,५८०,३५७ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५३१४६६२६.८९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६७४९६७७६.५८ | चालु खर्च | ३००७४९८०९.३ |
| प्रदेश सरकारबाट अनुदान | २०४७६००० | पूँजीगत खर्च | २२०७५८७०३.१४ |
| राजश्व बाँडफाँट | ९३१७०२४४.५ | वित्तीय/अन्य व्यवस्था | २२४३०७८१५.७८ |
| आन्तरिक आय | ११६५७५४६.३३ | | |
| अन्य आय | २१५९४६१५५.८६ | | |
| कुल आय | ७०८७४६७२३.२७ | कुल खर्च | ७४५८१६३२८.२२ |
| बाँकी मौज्दात | | १६०७७०२१.९४ | |

अनुसूची - २